पुष्करलालद्वारा प्रतिष्ठापित

# नेपाल समाचारपत्र

Pioneer Private Publication House · Established in Mangsir 15, 2041

newsofnepal.com

राष्ट्रिय दैनिक

सोमबार, साउन २१, २०८१ | Monday, August 5, 2024 | नेसं ११४४, गुलाथ्व १ | वर्ष २९, अंक १७६ | पृष्ठ ८ | मूल्य रू १०/–




■ हानियाको हत्यापछि मध्यपूर्वमा तनाव

# १३ सय नेपाली शान्ति सैनिक सुरक्षित

- विभिन्न मुलुकका शान्ति सेनामाथि सुरक्षा खतरा बढ्यो
- अमेरिका तथा बेलायतद्वारा आफ्ना नागरिकलाई तत्कालै लेबनान छोड्न आग्रह
- हवाई सेवा स्थगित हुँदा इजरायल र लेबनान छोड्न चाहने विदेशी नागरिक अलपत्र

**नेपाल समाचारपत्र, काठमाडौं**

गत बुधबार इरानको राजधानी तेहरानमा हमासका नेता इस्माइल हानियाको हत्या भएपछि मध्यपूर्वमा तनाव बढेको छ। इजरायलले इरानमा आफ्ना जासुस पठाएर हमास नेता स्माइलको हत्या गरेपछि इरानले इजरायलमाथि आक्रमण गर्ने धम्की दिएको छ।

इरानको धम्कीपछि अमेरिकालगायत पश्चिमा राष्ट्रहरूले लेबनानमा रहेका आफ्ना नागरिकलाई तत्काल लेबनान छोड्न आग्रह गरेका छन्। मध्यपूर्वमा बढ्दै गएको तनाव र यसबाट उत्पन्न हुन सक्ने परिस्थितिको निगरानी विश्वले गरिरहेको छ।

इजलायल, लेबनान र सिरियाको सिमानामा तैनाथ राष्ट्रसंघको आह्वानमा शान्ति स्थापनाका लागि खटिएका शान्ति सेनामाथि सुरक्षा खतरा बढेको छ। नेपाललगायत विश्वका एक दर्जनभन्दा बढी देशका शान्ति सैनिक अहिले इजरायल, लेबनान र सिरियाका सीमा क्षेत्र गोलान हाइटमा तैनाथ रहेका छन्।

सो क्षेत्रमा नेपालबाट झन्डै १ हजार ३ सय नेपाली सेना शान्ति सैनिकका रूपमा कार्यरत रहेको र उनीहरूको अवस्था अहिलेसम्म ठिकै रहेको नेपाली सेनाका प्रवक्ता सहायक रथी गौरवकुमार केसीले जानकारी दिनुभयो। शान्ति सैनिकको खटनपटन संयुक्त राष्ट्रसंघको मुख्यालयले गर्ने भएकाले राष्ट्रसंघ मुख्यालयबाट अहिलेसम्म कुनै खबर नआएको पनि प्रवक्ता केसीले बताउनुभयो।



मध्यपूर्वको घटनालाई नजिकबाट नेपाली सेनाले हेरिरहेको र त्यहााको अवस्थाका बारेमा हामीले भन्दा पनि राष्ट्रसंघको मुख्यालयले अझै नजिकबाट हेरिरहेको बताइएको छ।

यता राजधानी बेरुतस्थित अमेरिकी दूतावासले आषना नागरिकहरूलाई जतिसक्दो चााडो तत्कालै लेबनान छोड्न आग्रह गरेको छ। इरानले इजरायलमाथि धावा बोलेपछि अमेरिकाले एसिया प्यासिफिक क्षेत्रमा रहेको आफ्नो चौथो मरिन फोर्सलाई युद्धपोतदेखि लडाकु विमानहरू इजरायलको सीमा क्षेत्रतर्फ अघि बढ्न निर्देशन दिएको छ।

यता बेलायती विदेशमन्त्री डेभिड ल्यामीले पनि उक्त क्षेत्रमा द्वन्द्व बढ्न सक्ने भएकाले आफ्ना नागरिकलाई तत्काल लेबनान छोड्न आग्रह गरेका छन्। विदेशमन्त्री डेभिड ल्यामीले मध्यपूर्व क्षेत्रको अवस्था एकदमै तीव्र रूपमा बिग्रन सक्ने भएकाले आफ्ना नागरिकलाई देश छोड्न आग्रह गरेका हुन्।

इजरायले लेबनानी हिजबुल्लाह नेता फुआद सुकरको बेरुतमा हत्या गरेको केही घण्टापछि हमास नेता इस्माइलको तेहरानमा हत्या गरिदिएपछि अवस्था नाजुक बन्दै गएको हो। विश्वभरका दुई दर्जनभन्दा बढी देशले लेबनानमा रहेका आफ्ना नागरिकलाई जति सक्दो चााडो देश छोड्न आग्रह गरिरहेको भिडियो सन्देश सार्वजनिक भएको छ।

मध्यपूर्वको अवस्था नाजुक बन्दै गएपछि विश्वका विभिन्न देशले इजरायल, लेबनान, सिरियामा नियमित रूपमा हाुदै आएको हवाई उडान रोकेका छन्। इजरायल, लेबनानलगायतका देशमा हाुदै आएको हवाई सेवा स्थगित भएपछि इजरायल र लेबनान छोड्न चाहने विदेशी नागरिकहरू अलपत्र परेका छन्।

इरानका कार्यवाहक विदेशमन्त्री अलि बाकेरी कानीले इरानले इजरेललाई ‘दण्ड’ दिन निःसन्देह रूपमा आफूमा अन्तर्निहित र वैध अधिकार प्रयोग गर्ने धम्की दिएपछि विश्वभर तनावको अवस्था सिर्जना भएको छ। त्यस्तै, इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले आषना नागरिकलाई चुनौतीपूर्ण दिन आउादै गरेको र आफूहरूले सबै पक्षबाट धम्की पाइरहेकाले त्यसको सामना गर्ने दाबी गर्दै आएका छन्।

# निजामती सेवाको राष्ट्रिय नीति मस्यौदा ५ वर्षदेखि गायब

## सरकारी सेवा सुधारमा छैन ध्यान

**नेपाल समाचारपत्र काठमाडौं**

सरकारले पाँच वर्षअघि नै प्रस्ताव गरेको निजामती सेवाको राष्ट्रिय नीतिको मस्यौदा प्रस्ताव गायब हुँदै आएको छ। मुलुकको प्रशासन हाँक्ने मुख्य कानुनका रूपमा रहेको संघीय निजामती सेवा ऐन बन्न नसकिरहेको अवस्थामा सरकारी सेवालाई दिशानिर्देश गर्ने गरी बनाइएको निजामती सेवाको राष्ट्रिय नीति मस्यौदासमेत गायब पारिएको हो।

निजामती सेवा दिनानुदिन विकृत र कमजोर बन्दै जाँदा सार्वजनिक सेवा प्रवाह प्रभावकारी बन्न सकेको छैन। सत्तारुढ दल तथा नेतृत्वमा रहनेहरूले यस सम्बन्धमा कुनै ध्यान दिन सकेका छैनन्। प्रशासन सुधारमा राजनीतिक तथा प्रशासनिक नेतृत्वको ध्यान नपुग्दा सो नीतिको मस्यौदा लामो समयदेखि गायब हुँदै आएको हो।

पाँच वर्षअघि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको निजामती सेवाको राष्ट्रिय नीतिसम्बन्धी प्रारम्भिक मस्यौदा मन्त्रालयका अधिकारीहरूका बेवास्ताले कहाँ छ भन्ने नै अत्तोपत्तो नभएको कर्मचारीको भनाइ छ। मन्त्रालयका एक अधिकृतले नेपाल समाचारपत्रसँग भने- ‘यहाँ प्रशासन सुधारका लागि कसैलाई चासो छैन, खालि कर्मचारी सरुवामा मात्रै सबैको ध्यान छ, निजामतीको राष्ट्रिय नीति उच्च तहबाटै गायब पारिएको हो।’ उनका अनुसार मन्त्री तथा सचिवहरू सुधार चाहँदैनन्। यस्तै विकृतिका बीचमा स्वार्थपूर्ति गर्न पाइने भएकाले उनीहरूले नै निजामती सेवालाई सुधार गर्ने गरी ल्याउन लागिएको नीति लुकाइएको हुन सक्ने ती अधिकृतको दाबी छ।

यस अवधिमा मन्त्रालयमा कैयौं मन्त्री र सचिवहरू फेरबदल भए पनि कसैले पनि सुधारतर्फ ध्यान नदिँदा सो नीतिको मस्यौदा अलपत्र परेको ती अधिकृतले बताए।

> निजामती सेवाको राष्ट्रिय नीतिका मुख्य उद्देश्यहरूमा संघीय, प्रादेशिक र स्थानीय सेवा सञ्चालनमा एकरूपता कायम गर्ने र आधारभूत मार्गदर्शन गर्ने, जनमुखी समावेशी र नतिजामूलक प्रशासनको विकास गरी सेवाग्राहीप्रति प्रतिबद्ध सार्वजनिक सेवाको विकासद्वारा सुशासनको प्रत्याभूति गर्ने लक्ष्य राखिएको थियो।

सो नीतिलाई तीनवटै सरकारमा रहने सरकारी सेवाको छाता नीतिको रूपमा समेत लिइने गरी अघि बढाइएको थियो। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता कालीप्रसाद पराजुलीले भने सो नीतिको मस्यौदाका बारेमा खोजतलास गरिने बताउनुभयो। नीतिका बारेमा आफूले पनि थप बुझ्नुपर्ने उहाँको भनाइ छ।

नेपालमा निजामती सेवाको सुरुवात २००८ सालमा भई विभिन्न चरणमा निजामती सेवालाई कानुनी तथा संरचनागत रूपमा सुधार गरिँदै आएको छ। तर, मुलुकमा संघीय शासन प्रणाली आएको ९ वर्ष पुगिसक्दासमेत निजामती प्रशासन सुधारका लागि छुटै खालको नीति बन्न नसक्नु दुःखद् भएको प्रशासनविद्को भनाइ छ। संघीयता आएको १० वर्ष पुगिसक्दासमेत निजामती सेवाको दीर्घकालीन दृष्टिकोण, रणनीति सोच, उद्देश्य र व्यवस्थापकीय पद्धतिका सम्वन्धमा मार्गनिर्देशन गर्ने नयाँ नीति बन्न सकेको छैन। जसका कारण निजामती सेवाले प्रभावकारी काम गर्न सकेको छैन भने बढी आलोचित हुँदै जान थालेको छ।

संघीय शासन प्रणाली आएपछि सोहीअनुसार नै सबै सरकारी सेवालाई मार्गनिर्देशन गर्ने उद्देश्यसहित ५ वर्षअघि निजामती सेवाको राष्ट्रिय नीतिको मस्यौदा बनाइएको भए पनि सो मस्यौदाले मूर्त रूप पाउन नसकेको मन्त्रालयका अधिकारीहरूको भनाइ छ। सो नीतिको मस्यौदामा निजामती सेवालाई विश्वसनीय र जनमैत्री बनाउने गरी प्रस्ताव गरिएको थियो।

(क्रमशः पृष्ठ ५ मा)

पार्टीमा गुटबन्दी अन्त्य गर्ने ओली उद्घोष

# ‘पेलेरै गुटबन्दी अन्त्य गर्ने कि समेटेर ?’

**जीवन शर्मा, काठमाडौं**

सरकारको नेतृत्वकर्ता नेपाल कम्युनिस्ट पार्टी (एमाले)भित्र पछिल्लो जिम्मेवारी बाँडफाँटलाई लिएर असन्तुष्टि छाइरहेका बेला प्रधानमन्त्रीसमेत रहेका पार्टी अध्यक्ष केपी शर्मा ओलीले एमालेलाई गुटविहीन बनाउने दाबी गर्दै कसैलाई पनि गुट नबनाउन चेतावनी दिनुभएको छ। तर, अध्यक्ष ओलीले पार्टीभित्र सबैलाई मिलाएर भन्दा पनि आफूअनुकूल पेलेरै लाने नीति अपनाएको भन्दै असन्तुष्टि देखिएको छ। अध्यक्ष ओलीले बिहीबार प्रदेश इन्चार्जदेखि केन्द्रीय कमिटीमा जिम्मेवारी दिएको विषयलाई लिएर कतिपय अग्रज नेताहरूले असन्तुष्टि जनाएका छन्। यस्ता असन्तुष्टि सुनिएपछि ओलीले पार्टीमा कुनै गुट बनाउने कुरा स्वीकार्य नहुने चेतावनी दिनुभएको हो।

आइतबार पार्टीको नवनियुक्त उपाध्यक्ष, केन्द्रीय सदस्यसहित नयाँ जिम्मेवारीमा आएका नेताहरूको शपथग्रहणमा ओलीले असन्तुष्ट स्वरहरूलाई निस्तेज गर्ने अभिव्यक्ति दिनुभयो। उहाँले पार्टीमा कुनै पनि हिसाबले गुटबन्दी स्वीकार्य नहुने चेतावनी दिँदै भन्नुभयो- ‘हाम्रो पार्टीमा कतिपयले डेमोक्रेसीका नाममा उचाल्ने काम गरिरहेका हुन्छन्। तर, म गुटबन्दीलाई पार्टीमा छेउ पनि पर्न दिन्नँ आफू पनि गर्दिनँ।’ यद्यपि, उहाँले यसो भन्दै गर्दा दोस्रो पुस्ता नेताहरूबीच नै संघर्ष चलिरहेको पाइन्छ। पार्टीका उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलबीच नेतृत्वसँग को नजिक हुने र पार्टीमा हाबी हुने भन्ने प्रतिस्पर्धा नै चलेको नेकपा एमालेका एक पदाधिकारीले बताए। पार्टी अध्यक्षलाई नै मन्त्री छनोटको जिम्मेवारी दिएको एमालेले ओलीले आफू निकटकालाई मात्रै सरकारमा पठाएको आरोप खेप्नुपरेको छ।

(क्रमशः पृष्ठ ५ मा)

गरिबीको पराकाष्टा

# छिमेकीको जग्गामा त्रिपालमुनि किरिया

**सिर्जना बुढाथोकी, सुर्खेत**

बाँचुन्जेल अर्कैको जग्गामा बसेर ज्याला मजदुरी गरेर जीवन चलाइरहेका वीरेन्द्रनगर नगरपालिका-९ का चन्द्र कामी परिवार लिएर यही साउनको पहिलो साता भारत जानुभयो। गुजारा चलाउन धौधौ भएपछि चन्द्रको श्रीमान्‌श्रीमती भारत गएको तीन दिनमै श्रीमती गोमा कामीको अचानक मृत्यु भयो। शव घर ल्याउने रकमसमेत नभएपछि चन्द्रले श्रीमतीको शव भारतमै अन्त्येष्टि गर्नुभयो। किरिया गर्न भने उहाँ फर्केर वीरेन्द्रनगरमै आउनुभयो।

तर, यहाँ पनि आफ्नो घर नहुँदा अहिले छिमेकीको जग्गामा त्रिपाल हालेर किरिया बस्नुभएको छ। चन्द्र आफ्नो २६ वर्षीय छोरा मेघराज कामी र बुहारी त्यही त्रिपालमा बसेर किरिया गरिरहनुभएको छ। वर्षायाममा पानी परिरहेकाले त्रिपालमुनिको किरियामा उहाँहरूले निकै सकस व्यहोर्नुपरेको छ।



बसाइमात्र होइन, छाक टार्न पनि कामी परिवारलाई धौधौ भएको छ।

दश दिनअघि ज्याला मजदुरीका लागि भन्दै चन्द्रका श्रीमान्‌श्रीमती भारतको चण्डीगढ पुग्नुभएको थियो। त्यहाँ ढुंगा बोक्ने काम शुरू गरेको दुई दिनमै पाँच दिनअघि श्रीमती गोमाको मृत्यु भएपछि चन्द्र पीडाले विक्षिप्त बन्नुभएको छ। चन्द्रको पुरानो घर जाजरकोट हो। सानैमा आमाबुबा गुमाएर सम्पत्ति कमाउन नसके पनि श्रीमती र छोराछोरीको मायाले बाँचेको भन्दै उहाँले श्रीमतीको पनि मृत्यु भएपछि आफूमा झन् चिन्ता थपिएको बताउनुभयो। यहाँको ज्याला मजदुरीले छाक टार्न मुस्किल भएपछि भारत पुगेको भन्दै उहाँले त्यहाँ पनि दशा लागेर श्रीमतीको मृत्यु भएको उल्लेख गर्नुभयो। सँगै काम गरेर फर्किएकी श्रीमतीको सुतेकै अवस्थामा मृत्यु भएपछि शव घर ल्याउने पैसासमेत नभएपछि उतै दाहसंस्कार गरेर आफू सुर्खेत फर्किएको भन्दै उहाँले यहाँ पनि त्रिपालमै पसेर किरिया गर्नुपरेको जनाउनुभयो।

(क्रमशः पृष्ठ ५ मा)

त्रिविमा लफडा

# पदाधिकारीका कारण नीति तथा कार्यक्रम पास हुन सकेन

- स्वागत मन्तव्य पढ्न नपाएकोमा उपकुलपति दुःखी
- नीति तथा कार्यक्रम अनिश्चित
- त्रिवि भन्छ : बजेट पास भइसक्यो

**ईश्वरराज ढकाल, काठमाडौं**

त्रिभुवन विश्वविद्यालयका पदाधिकारीको गम्भीर त्रुटिका कारण त्रिविको नीति तथा कार्यक्रम पास हुन नसकेको खुलासा भएको छ। पदाधिकारीले त्रिवि सभामा पास गर्ने तयारी गरेको नीति तथा कार्यक्रमको बारेमा बुँदागत छलफल गर्न कुलपति एवं प्रधानमन्त्री केपी ओलीसमक्ष समयमै ड्राफ्ट पेस गर्नुपर्ने व्यवस्था छ। त्यसो नगरेका कारण कुलपतिले हाललाई नीति तथा कार्यक्रम पास नहुने जनाउ दिनुभएको थियो।

उपकुलपतिसँग नीति तथा कार्यक्रमका बारेमा बेलैमा जानकारी दिन नसक्दा नीति तथा कार्यक्रम पास हुन नसकेको हो। अघिल्ला उपकुलपतिहरूले सिनेटमा पास गर्ने नीति तथा कार्यक्रम १५ दिनअगावै कुलपतिलाई दिने र कुलपतिले बुँदागत छलफल गरेपछि मात्र सभामा पेस गर्ने परम्परा थियो।

हालका पदाधिकारीले कुलपतिसमक्ष तीन दिनअघि बैठकमा उपस्थिति हुन निमन्त्रणा पत्रसहित नीति तथा कार्यक्रम पेस गर्नुभएको थियो। हतारमा पेस गरेको नीति तथा कार्यक्रम अध्ययन गर्न नभ्याएको कारण पछि पेस गर्ने निर्णय भएको हो। स्रोतका अनुसार अधिकांश बुँदा उपकुलपतिले मनोमानी रूपमा पेस गरेको कारण पास हुन नसकेको हो।

पूर्वपदाधिकारीका अनुसार १५ दिनअघि नीति तथा कार्यक्रमका ड्राफ्ट पेस गरेपछि कुलपतिसहितको अधिकारीले अध्ययन गर्ने चलन छ।

(क्रमशः पृष्ठ ५ मा)

नेपाल समाचारपत्र
राष्ट्रिय दैनिक

# लोकसेवा परीक्षाको तयारी सामग्री



ताराप्रसाद ओली
सहायक न्यायाधिवक्ता (शाखा अधिकृत)
महान्यायाधिवक्ताको कार्यालय

## वस्तुगत प्रश्नोत्तर

**१. प्रधानमन्त्री केपी शर्मा ओलीले अभिनय गर्दै गरेको चलचित्र कुन हो ?**
- नमेटिने घाउ

**२. बेबी अफ द हाउस भनेर चिनिने बेलायती सांसद को हुन् ?**
- साम कार्लिङ

**३. मिस नेपाल वर्ल्ड-२०२४ को उपाधि विजेता को हुन् ?**
- आस्माकुमारी केसी (मिस नेपाल अर्थ : सुमन केसी, मिस नेपाल इन्टरनेसनल : करुणा रावत)

**४. नेपालमा पाइने माछाका प्रजाति संख्या कति रहेको छ ?**
- २ सय ७३

**५. घण्टाकर्ण अर्थात् गठेमंगल पर्व कुन समुदायले मनाउने गर्दछन् ?**
- नेवार

**६. नेपालमा नयाँ प्रजातिको चरा तालुधर्से अर्जुनक कुन ठाउँमा फेला परेको हो ?**
- माथिल्लो मुस्ताङ

**७. २०८० सालको उत्तमशान्ति पुरस्कार कुन कृतिलाई प्रदान गरिएको छ ?**
- गल्ली संसार (रोशन शेरचन)

**८. मत्स्येन्द्रनाथकी प्रेमिका भनेर कसलाइ चिनिन्छ ?**
- लक्ष्मीकुमारी महर्जन (याक: मिसा)

**९. विश्व आदिवासी दिवस कहिले मनाइन्छ ?**
- अगस्ट ९

**१०. मानेश्वरी मन्दिर कुन जिल्लामा पर्दछ ?**
- काभ्रेपलान्चोक

## विषयगत प्रश्नोत्तर

**१. अन्तर्राष्ट्रिय कानुनका सिद्धान्त के-के हुन् ? सार्वजनिक अन्तर्राष्ट्रिय कानुन र निजी अन्तर्राष्ट्रिय कानुन बीचका समानता र भिन्नता केलाउँदै अन्तर्राष्ट्रिय कानुन वास्तविक कानुन हो वा होइन आफ्नो राय व्यक्त गर्नुहोस्।**

पृष्ठभूमि
- अन्तर्राष्ट्रिय संगठन र अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको आचरण तथा पारस्परिक सम्बधलाई नियमित र व्यवस्थित गर्ने कानुन नै अन्तर्राष्ट्रिय कानुन हो।
- अन्तर्राष्ट्रिय कानुनका जन्मदाता ह्युगो ग्रोगस हुन्।

अन्तर्राष्ट्रिय कानुनका सिद्धान्तहरू

*संयुक्त र ट्रसंघको बडापत्रको धारा २ तथा महासभाद्वारा जारी मैत्रीपूर्ण सम्बन्ध विषयक घोषणपत्र समेतका आधारमा अन्तर्राष्ट्रिय कानुनका सिद्धान्तहरूलाई देहायबमोजिम प्रस्तुत गर्न सकिन्छ :-*
- सार्वभौमिक समानताको सिद्धान्त
- विवादको शान्तिपूर्ण समाधानको सिद्धान्त
- क्षेत्रीय अखण्डता र राजनीतिक स्वतन्त्रताको सिद्धान्त
- अरूको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने सिद्धान्त
- शक्तिको अप्रयोगको सिद्धान्त
- पारस्परिक सहयोगको सिद्धान्त
- समानता एवं आत्मनिर्णयको अधिकारको सिद्धान्त
- मानव अधिकारको अन्तर्राष्ट्रिय संरक्षण र प्रवर्द्धनको सिद्धान्त
- अन्तर्राष्ट्रिय दायित्वको परिपालनाको सिद्धान्त

सार्वजनिक र निजी अन्तर्राष्ट्रिय कानुनका समानताहरू
- विकासमा समानता :- क्रमिक रूपले अगाडि बढ्दै गएको
- तत्वमा समानता :- विदेशी तत्व अन्तर निहित हुने
- स्रोतमा समानता :- सन्धि, सम्झौता परम्परा र प्रथा
- कानुनको पालनाको विधिमा समानता :- उल्लंघनमा दण्ड सजाय
- सार्वभौमसत्ताको प्रयोगमा समानता :- राज्यको सार्वभौमसत्तामा निश्चित
- अभिलेखमा समानता :- दुवै लिखित अस्तित्वमा रहेका

सार्वजनिक र निजी अन्तर्राष्ट्रिय कानुनका भिन्नता
- सार्वजनिक अन्तर्राष्ट्रिय कानुनको उद्देश्य सार्वभौमसत्तासम्पन्न राष्ट्र र अन्तर्राष्ट्रिय संगठन बीचको आचरण र सम्बन्धलाई नियमित एवं व्यवस्थित गर्नु हो भने निजी अन्तर्राष्ट्रिय कानुनको उद्देश्य दुई भिन्न देशका व्यक्तिहरू बीचको देवानी र पारिवारिक मामिलाको सञ्चालन, नियमितता कायम र व्यवस्थापन गर्नु हो।
- सार्वजनिक अन्तर्राष्ट्रिय कानुनका विषयवस्तुहरू सार्वभौम राज्यका आर्थिक र राजनीतिक सम्बन्धहरू हुन् भने निजी अन्तर्राष्ट्रिय कानुनका विषयवस्तुहरू व्यक्तिहरूबीचका सम्पत्ति, पारिवारिक मामिला जस्ता विषयहरू हुन्।
- सार्वजनिक अन्तर्राष्ट्रिय कानुनका स्रोतहरू मुख्य रूपमा अन्तर्राष्ट्रिय सन्धि सम्झौता एवं प्रथाहरू हुन भने निजी अन्तर्राष्ट्रिय कानुनका स्रोत अन्तर्राष्ट्रिय सन्धि र राष्ट्रिय कानुनहरू हुन्।
- सार्वजनिक अन्तर्राष्ट्रिय कानुनका निर्माता आपसी सन्धि सम्झौता वा समझदारी हुन भने निजी अन्तर्राष्ट्रिय कानुनका निर्माता सम्बन्धित देशका विधायिकाहरू हुन्।
- सार्वजनिक अन्तर्राष्ट्रिय कानुनको कार्यान्वयन अन्तर्राष्ट्रिय न्यायिक निकायद्वारा गरिन्छ भने निजी अन्तर्राष्ट्रिय कानुनको कार्यान्वयन राष्ट्रिय न्यायालयद्वारा गरिन्छ।
- सार्वजनिक अन्तर्राष्ट्रिय कानुनमा क्षेत्राधिकार छनोटको प्रश्न हुँदैन भने निजी अन्तर्राष्ट्रिय कानुनमा क्षेत्राधिकार छनोट गर्न सकिन्छ।
- सार्वजनिक अन्तर्राष्ट्रिय कानुनमा विदेशी तत्वको प्रश्न खासै महत्वपूर्ण हुँदैन भने निजी अन्तर्राष्ट्रिय कानुनमा विदेशी तत्व प्रमुख आधारका रूपमा रहन्छ।
- सार्वजनिक अन्तर्राष्ट्रिय कानुनमा सार्वभौमिक उन्मुक्तिको दाबी गर्न पाइन्छ भने निजी अन्तर्राष्ट्रिय कानुनमा सार्वभौमिक उन्मुक्तिको दावी गर्न पाइँदैन।
- सार्वजनिक अन्तर्राष्ट्रिय कानुनको प्रकृति विश्वव्यापी र सर्वमान्य प्रकृतिको हुन्छ भने निजी अन्तर्राष्ट्रिय कानुनको प्रकृति विभिन्न क्षेत्रमा विभिन्न प्रकृतिको हुन्छ।
- सार्वजनिक अन्तर्राष्ट्रिय कानुनमा कानुनको मान्यता सबै मुलुकका लागि समान रहन्छ भने निजी अन्तर्राष्ट्रिय कानुनमा कानुनको मान्यता भिन्न राज्यका लागि भिन्न-भिन्न रहन्छ।
- सार्वजनिक अन्तर्राष्ट्रिय कानुनमा लागू हुने कानुन पहिले नै निश्चित गरिएको हुन्छ भने निजी अन्तर्राष्ट्रिय कानुनमा कुन कानुन लागू हुने भन्ने विषय पछि निर्धारण गरिन्छ।

अन्तर्राष्ट्रिय कानुनका वास्तविक कानुन भए/नभएको सम्बन्धमा राय
- अन्तर्राष्ट्रिय कानुन वास्तविक कानुन हो वा होइन भन्ने सम्बन्धमा अन्तर्राष्ट्रिय कानुनका जानकार, जाता एवं विज्ञहरू बीच मतऐक्यता पाइँदैन।
- कतिपय विद्वानहरूले अन्तर्राष्ट्रिय कानुनलाई विधिशास्त्रको लुप्त विन्द (फिनिसिङ प्वाइन्ट), कमजोर कानुन एवं स अफ मोरालिटी रूपमा व्याख्या गरेका छन् भन्ने कतिपय विद्वानहरूले बदलिँदो विश्व परिवेशमा अन्तर्राष्ट्रिय कानुनको औचित्य, आवश्यकता एवं महत्व प्रस्ट गर्दै वास्तविक कानुन भएको मत व्यक्त गरेका छन्।
- कानुन निर्माण, व्याख्या र कार्यान्वियन पद्धतिको आधारमा विवादहरू यथावत् रहेका छन्।
- देहायका तथ्य र तर्कका आधारमा अन्तर्राष्ट्रिय कानुन वास्तविक कानुन हो वा होइन भन्ने सम्बन्धमा वास्तविक कानुन हो भन्ने पक्षमा अभिमत प्रकट गर्दछु :-
- संयुक्त राष्ट्रसंघको बडापत्रको धारा २ मा सार्वभौमिक समानता, विवादको शान्तिपूर्ण समाधान, आन्तरिक मामिलामा अहस्तक्षेप जस्ता अन्तर्राष्ट्रिय कानुनका सिद्धान्तहरू उल्लेख गरिएको छ।
- अन्तर्राष्ट्रिय न्यायालय (आईसीजे) को धारा ३८ मा अन्तर्राष्ट्रिय विवादको समाधान अन्तर्राष्ट्रिय कानुन बमोजिम हुने व्यवस्था गरिएको छ।
- भियना अभिसन्धिको धारा २७ मा कुनै राज्यले राष्ट्रिय कानुनको कारण देखाएर अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न असक्षम रहेको दाबी गर्न नपाउने व्यवस्था गरिएको छ।
- संयुक्त राष्ट्रसंघको बडापत्रमा अन्तर्राष्ट्रिय न्यायालयको निर्णय नमान्ने पक्षउपर सुरक्षा परिषद्ले कारबाही गर्न सक्ने व्यवस्था गरिएको छ।
- अन्तर्राष्ट्रिय कानुनको पालना वा उल्लंघन भएको अवस्थामा शक्तिको प्रयोग गर्न सकिने व्यवस्था संयुक्त राष्ट्रसंघको बडापत्रमा गरिएको छ।
- अन्तर्राष्ट्रिय कानुन प्राकृतिक कानुन तथा नेचुरल रिजन हो।
- सामाजिक आवश्यकताको कारणले अन्तर्राष्ट्रिय कानुनको पालना गर्नु बाध्यात्मक हुन्छ।
- अन्तर्राष्ट्रिय कानुन त्जभ धर्षीया क्षलतभचलबतष्यलबी ऋयक्रगलष्तथ हो।
- अन्तर्राष्ट्रिय कानुनको प्रमुख स्रोत सन्धि सम्झौता तथा अन्तर्राष्ट्रिय कानुन निर्माणका आफ्नै विधि छन्।
- अन्तर्राष्ट्रिय कानुनमा कानुन कार्यान्वयन गर्ने आफ्नै किसिमको कार्यपालिका छ। जस्तो- महासभा महासचिव सुरक्षा परिषद् अन्य अन्तर्राष्ट्रिय संगठन।
- कानुनको व्याख्या गर्ने न्यायपालिका अन्तर्राष्ट्रिय न्यायालय पनि छ, जसको निर्णय बाध्यकारी हुन्छ।
- अन्तर्राष्ट्रिय कानुनको सम्बन्धमा विभिन्न मुलुकहरूले आफ्नो देशको संविधानमा उल्लेख गर्ने गरेका छन्। जस्तो- नेपालको परराष्ट्र नीति अन्तर्राष्ट्रिय कानुनमा आधारित हुने, सन्धि ऐन-२०४७
- संयुक्त राष्ट्रसंघले सन् १९९०-१९९९ लाई अन्तर्राष्ट्रिय कानुनको दशकका रूपमा मनाएर यसको महत्वलाई थप पुस्ट्याइँ गर्न खोजेको देखिन्छ।

निष्कर्ष

अन्तर्राष्ट्रिय समुदायको सदस्यलाई संयमित, अनुशासित, मर्यादित, गतिशील र व्यवस्थित तुल्याउनका लागि अन्तर्राष्ट्रिय कानुन लागू गरिन्छ।

**२. बैंक ग्यारेन्टीका प्रकारहरू उल्लेख गर्नुहोस्।**

पृष्ठभूमि
- बैंक वा वित्तीय संस्थाद्वारा गरिने प्रतिज्ञा जसमा कुनै व्यक्ति वा संस्थाले कुनै तेस्रो पक्षसँगको दायित्व भुक्तानी नगरेमा वा भुक्तानी गर्न असफल भएमा तेस्रो पक्षलाई भुक्तानी गर्ने दायित्व बैंकले स्वीकार गरेको हुन्छ भने त्यसलाई बैंक ग्यारेन्टी भनिन्छ।
- यो बैंक तथा वित्तीय संस्थाको गैरकोषमा आधारित कारोबार हो।
- यसमा निवेदक वा ग्राहक, जारी गर्ने बैंक तथा लाभकर्ता गरी तीन वटा पक्षहरू संलग्न हुन्छन्।

बैंक ग्यारेन्टीका प्रकारहरु

*(क) बोलपत्र जमानत :- बोलकबोल प्रतिस्पर्धामा भाग लिनका लागि बोलपत्रसाथ पेस गर्न आवश्यक जमानत नै बोलपत्र जमानत हो, यसको म्याद सामान्यतया ३ महिनाको हुन्छ।*

*(ख) कार्यसम्पादन जमानत :- बोलपत्र स्वीकृत भएपछि ठेक्काद्वारा तोकिएको कार्य सम्पन्न गर्नुअघि पेस गरिने जमानत नै कार्यसम्पादन जमानत हो। यसको म्याद सामान्यतया १ वर्षको हुन्छ।*

*(ग) अग्रिम भुक्तानी वा पेस्की जमानत :- कामको जिम्मा लिने पक्षलाई कार्यसम्पादन गर्ने समयमा आवश्यक नगद व्यवस्थापन तथा सामग्री खरिद गर्नका लागि पेस्की रकम उपलब्ध गराउनका लागि जारी गरिने जमानत अग्रिम भुक्तानी जमानत हो। यसको म्याद सामान्यतया १ वर्षको हुन्छ।*

*(घ) धरौटी जमानत :- धरौटी स्वरूप रकम जम्मा गर्नुको सट्टा पेस गरिने जमानतलाई धरौटी जमानत भनिन्छ।*

*(ङ) वित्तीय जमानत :- बैंक तथा वित्तीय संस्थाले आफ्ना नियमित ग्राहकको अनुरोधमा अर्को बैंक वित्तीय संस्थालाई कर्जा तथा बैंकिङ सुविधा उपलब्ध गराउन जारी गरेको जमानत नै वित्तीय जमानत हो।*

*(च) अन्य जमानत*
- बन्डेड हाउस जमानत
- काउन्टर जमानत
- क्रेडिट पर्चेज ग्यारेन्टी
- डिफर्ट पेमेन्ट ग्यारेन्टी
- सिपिङ ग्यारेन्टी

निष्कर्ष

बैंक तथा वित्तीय संस्थाहरूले ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्न सक्ने कानुनी व्यवस्था बमोजिम ग्राहकका आवश्यकता पूरा गर्न, विकास निर्माणका कार्यहरू समयमै सम्पन्न गर्न, निर्माण व्यवसायीलाई कामप्रति जिम्मेवार र जवाफदेही बनाउन बैंक जमानत जारी गरिन्छ।

**३. कुन-कुन विषयको कार्यान्वयन गर्न सन्धि गर्ने प्रक्रिया प्रारम्भ गर्न सकिने कानुनी व्यवस्था रहेको छ ? सन्धि निर्माण प्रक्रियाको विस्तृतमा चर्चा गर्दै नेपालमा सन्धि निर्माणका सम्बन्धमा देखिएका कमजोरीहरू प्रस्तुत गर्नुहोस्।**

पृष्ठभूमि
- दुई वा दुई भन्दा बढी राज्यहरू वा कुनै राज्य र अन्तरसरकारी संगठन बीच लिखित रूपमा सम्पन्न भएको सम्झौता नै सन्धि हो।
- सुरक्षा र सामरिक सम्बन्ध तथा नेपाल राज्यसँगको सिमानासँग सम्बन्धित सन्धि दुवै सदनको दुई तिहाइ बहुमतले तथा राज्यलाई गम्भीर, व्यापक वा दीर्घकालीन असर नपर्ने साधारण प्रकृतिका सन्धि सम्झौताहरू प्रतिनिधिसभाको साधारण बहुमतबाट अनुमोदन गर्न सकिन्छ।
- समानता र पारस्परिक हितको आधारमा सन्धि सम्झौता गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ।

सन्धि प्रारम्भ गर्ने प्रक्रिया प्रारम्भ गर्न सकिने विषयहरु
- प्रचलित कानुन
- संघीय संसद्को संकल्प प्रस्ताव
- सर्वोच्च अदालतको फैसला
- संवैधानिक आयोगको सिफारिस
- वार्षिक नीति, बजेट, आवधिक योजना, कार्ययोजना वा पूर्वाधार विकास आयोजना
- संयुक्त राष्ट्र संघको महासभा तथा सुरक्षा परिषद्बाट पारित प्रस्ताव वा घोषणा
- मानव अधिकारसम्बन्धी विश्वव्यापी आवधिक पुनरावलोकन अन्तर्गत नेपाललाई प्राप्त सिफारिस
- नेपाल पक्ष रहेको सन्धिअन्तर्गतको संयन्त्रको सिफारिस तथा टिप्पणी, द्विपक्षीय बैठक वा भेटघाटमा भएको समझदारी
- अन्तर्राष्ट्रिय बैठक, सभा वा सम्मेलनको आह्वान,
- नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय

सन्धि सम्बन्धि संवैधानिक व्यवस्था

*सन्धि निर्माण प्रक्रिया*

*(क) कूटनीतिक तयारी र मस्यौदा तर्जुमा*
- द्विपक्षीय सन्धि सम्झौताको हकमा प्रस्ताव राख्ने पक्ष एवं सक्षम पक्षले मस्यौदा तर्जुमा गर्ने गरेको
- बुहपक्षीय सन्धिको हकमा विशेषज्ञ समितिले मस्यौदा गर्ने गरेको

*(ख) प्रारम्भिक अध्ययन र विस्तृत अध्ययन गर्ने*
- सम्बन्धित मन्त्रालयले प्रारम्भिक र विस्तृत अध्ययन गर्नुपर्ने
- कानुन, परराष्ट्र तथा सरोकारवाला मन्त्रालय वा निकायको प्रतिनिधि र विषय विज्ञ रहेको अध्ययन टोली गठन गर्न सकिने

*(ग) प्रतिनिधिको मनोनयन*
- सन्धि गर्ने प्रत्येक राज्यको अन्तरनिहित अधिकार
- राज्यले संवैधानिक रित पुऱ्याई प्रतिनिधि मनोनयन गर्ने
- वार्ता गर्न, सन्धिको अन्तिम मस्यौदा वा प्रामाणिक प्रति स्वीकार गर्न वा सन्धिमा हस्ताक्षर गर्न अख्तियारी दिई जारी गरिएको अधिकारपत्रलाई पूर्णाधिकार भनिने
- भियना अभिसन्धि र नेपाल सन्धि ऐन-२०४७ अनुसार देहायका व्यक्तिलाई पुर्णाधिकार रहने
  - राष्ट्रप्रमुख वा सरकार प्रमुख
  - परराष्ट्रमन्त्री
  - सम्बन्धित देशको राजदूत
  - सम्मेलनका लागि नियुक्त प्रतिनिधि

*(घ) सन्धिवार्ता एवं मस्यौदाको अंगिकार*
- विभिन्न पक्षहरूबीच वार्ता गरिने
- दफावार छलफल गरी मस्यौदालाई अन्तिम रूप दिने
- प्रारम्भिक भाग, सारवान भाग र अन्तिम भागको संरचनामा मस्यौदा तयार हुने

*(ङ) मस्यौदाको प्रमाणीकरण*
- अन्तिम रूप दिइएको कुरालाई प्रमाणित गर्ने

*(च) सन्धिमा हस्ताक्षर*
- अधिकारप्राप्त प्रतिनिधिद्वारा निशर्त र स-सर्त हस्ताक्षर गरिने
- द्विपक्षीय सन्धिको हकमा प्रारम्भिक वा सुनिश्चित हस्ताक्षर गर्न सकिने
- बहुपक्षीय सन्धिको हकमा अन्तिम, प्रारम्भिक वा सामान्य हस्ताक्षर गर्न सकिने
- अनुमोदन, स्वीकृति वा समर्थन गर्ने गरी कुनै बहुपक्षीय सन्धिमा तोकिएको अवधि र स्थानमा गरिने हस्ताक्षरलाई सामान्य हस्ताक्षर भनिने
- नेपाल वा नेपाल सरकारको हकमा कुनै सन्धि लागू हुने सहमति व्यक्त गर्न त्यस्तो सन्धिमा गरिने हस्ताक्षरलाई सुनिश्चित हस्ताक्षर भनिने
- सन्धिको अन्तिम मस्यौदामा नेपाल वा नेपाल सरकारको तर्फबाट पछि सुनिश्चित हस्ताक्षर, लिखतको आदान-प्रदान, अनुमोदन, स्वीकृति वा समर्थनको माध्यमबाट सन्धि लागू हुने गरी सहमति व्यक्त गर्न गरिने हस्ताक्षरलाई प्रारम्भिक हस्ताक्षर भनिने
- सन्धिको अन्तिम मस्यौदालाई आधिकारिता प्रदान गर्न गरिने हस्ताक्षरलाई अन्तिम हस्ताक्षर भनिने

*(छ) अनुमोदन, सम्मिलन, स्वीकृति र समर्थन*
- नेपालको संविधानको धारा २७९ बमोजिम हुने
- राष्ट्रको व्यवस्थापिकाद्वारा सहमति जनाउने कार्यलाई अनुमोदन भनिने
- निर्धारित समयभित्र हस्ताक्षर नगरेको बहुपक्षीय सन्धिको पक्ष बन्ने उपायलाई सम्मिलन भनिने
- संघीय संसद्मा प्रस्ताव पेस गर्दा देहायका विवरण समावेश गर्नुपर्ने :-
  - सन्धिको उद्देश्य र भएका मुख्य-मुख्य व्यवस्था
  - नेपाल पक्ष हुनुपर्ने कारण तथा औचित्य, सन्धिबाट हुने फाइदा र निर्वाह गर्नुपर्ने दायित्व
  - सन्धि कार्यान्वियन गर्न छुट्टै कानुन बनाउनु पर्ने वा नपर्ने र पर्ने भए सोको विवरण
  - बहुपक्षीय सन्धिका पक्ष भइसकेका मुलुकको नाम र संख्या
  - सन्धिमा आरक्षण राख्नुपर्ने भएमा त्यसको कारण र उक्त आरक्षण वा घोषणाको मस्यौदा
  - प्रारम्भिक अध्ययन प्रतिवेदन र विस्तृत अध्ययनको प्रतिवेदन
  - सन्धिको सम्बन्धमा सन्धिअन्तर्गतको संयन्त्रले कुनै व्याख्या वा धारणा व्यक्त गरेको भए त्यस्तो व्याख्या वा धारणा
  - नेपाली भाषामा गरिएको अनुवादको प्रति

*(ज) आरक्षित अधिकारको प्रयोग*
- बहुपक्षीय सन्धिमा हस्ताक्षर गर्दा वा त्यस्तो सन्धिलाई अनुमोदन, सम्मिलन, स्विकृति वा समर्थन गर्दा कुनै पक्षले सो सन्धिको प्रावधान आफूलाई लागू नहुने गरी घोषणालाई आरक्षण भनिने
- कुनै मुलुकले सो सन्धिको कुनै प्रावधान आफूलाई लागू नहुने गरी एकतर्फी रूपमा घोषणा गर्न सक्ने

*(झ) अनुमोदन, सम्मिलन, स्विकृति वा समर्थनको जानकारी दिने*
- संघीय संसद्बाट अनुमोदन, सम्मिलन, स्विकृति वा समर्थनको प्रस्ताव पारित भएपछि सम्बन्धित मन्त्रालयले परराष्ट्र मन्त्रालय मार्फत सन्धिको व्यवस्था बमोजिम त्यसको सूचना सम्बन्धित पक्ष वा अभिलेख अधिकारीलाई दिनुपर्ने

*(ञ) सन्धिको संकलन*
- अन्तर्राष्ट्रिय स्तरमा हुने

*(ट) सन्धिको प्रारम्भ*
- सन्धिमै उल्लेख गरिने
- उल्लेख नभएको भए हस्ताक्षर गरेकै दिनबाट लागू हुने
- अनुमोदन, सम्मिलन, स्विकृति वा समर्थनको सर्तमा हस्ताक्षर गरिएको भए सो भएपछि हुने

*(ठ) सन्धिको दर्ता एवं प्रकाशन*
- गोप्यताको अन्त्य हुने
- लिग अफ नेसनबाट शुरु भएको
- नेपाल राजपत्रमा भाग ६ मा प्रकाशित हुने
- कानुन मन्त्रालयले नेपाल पक्ष भएका सन्धिहरू आवधिक रूपमा ट्रिट्री सिरिजमा प्रकाशन गर्नुपर्ने
- संयुक्त राष्ट्रसंघको दफा १०२ बमोजिम संयुक्त राष्ट्रसंघ वा सम्बन्धित अन्तर्राष्ट्रिय संगठनको सचिवालयमा दर्ता गराउन परराष्ट्र मन्त्रालय मार्फत पठाउनुपर्ने

*(ड) सन्धिको कार्यान्वयन*
- भियना अभिसन्धिमा उल्लेख भएको
- संयुक्त राष्ट्रसंघको बडापत्रमा उल्लेख भएको
- यसको अक्षरश पालना गर्नुपर्ने

*(ढ) सन्धिको अन्त्य*

सन्धिको अन्त्य निम्नानुसार दुई तरिकाबाट हुने गर्दछ :-
- कानुनी कार्यबाट
  - उद्देश्य पूरा भएमा
  - समावधि पूरा भएमा
  - कार्यान्वयन असम्भव भएमा
  - परिस्थितिमा आधारभूत परिवर्तन भएमा
  - नयाँ मान्यता प्रतिपादन भएमा
  - निर्धारित संख्या नरहेमा
- पक्षको कार्यबाट
  - नवीकरण नभएमा
  - परित्याग गरिएमा
  - खारेज गरिएमा
  - युद्ध भएमा
  - अलग भएमा
  - कुनै सन्धि समाप्त गर्ने उद्देश्यले अर्को सन्धि भएमा

सन्धि निर्माणमा देखिएका समस्याहरू
- नेपाल सन्धिको पक्ष बन्नुपर्ने कारण र औचित्य तथा सन्धिको पक्ष हुँदा वा नहुँदा नेपाललाई पुग्ने फाइदा वा बेफाइदाका सम्बन्धमा पर्याप्त अध्ययन नभएको
- सन्धिको पक्ष हुँदा नेपाललाई प्राप्त हुने अवसर र चुनौतीका बारेमा प्रस्टता नभएको
- नेपालका तर्फबाट राष्ट्रिय हितको सम्बन्धमा स्पष्ट अडान वा धारणा प्रस्तुत गर्न नसकिएको
- सन्धिको पक्ष हुँदा वा नहुँदा नेपाललाई पर्न सक्ने अल्पकालीन र दीर्घकालीन असर वा प्रभाव सन्धिको पक्ष हुँदा नेपालले व्यहोर्नुपर्ने आर्थिक तथा अन्य दायित्वका विषयमा स्पष्टता नभएको
- सन्धिको कार्यान्वयन गर्न प्रचलित कानुनमा संशोधन गर्न वा नयाँ कानुन बनाउन तदारुकता नदेखिएको
- सन्धिको कार्यान्वयन गर्दा संस्थागत सुधार वा नयाँ संरचना आवश्यक पर्ने वा नपर्ने सम्बन्धमा गम्भीरता नदेखिएको
- सन्धिमा आरक्षण राख्न वा व्याख्यात्मक घोषणा गर्न सकिने भएमा आरक्षण राख्न वा व्याख्यात्मक घोषणा गर्न पर्ने वा नपर्ने विषयमा छलफल नभएको
- सरोकारवालाहरूसँग छलफल वा परामर्श नहुने गरेको
- सन्धिसँग सम्बन्धित प्रोटोकल वा संशोधन भए तिनीहरूको समेत सम्भावित प्रभावका बारेमा ध्यान नदिएको
- सन्धिको व्यवस्था संविधान प्रचलित कानुनसँग बाझिए वा नबाझिएको वा सर्वोच्च अदालतबाट तत्सम्बन्धमा प्रतिपादित नजिरको सम्बन्धमा ध्यान दिन नसकिएको

निष्कर्ष

सन्धिको व्यवस्था प्रचलित कानुनसँग बाझिएमा सन्धिको व्यवस्था नै लागू हुने सन्धि ऐन-२०४७ मा व्यवस्था गरिएको छ। मुलुकको राष्ट्रिय हित र आवश्यकतालाई मध्यनजर गर्दै सन्धि गर्नुपर्दछ।



रोचक तथ्य

# नेपथ्यको गुञ्जन

रश्मी थापा

लोकप्रिय पुरानो सांगीतिक पप ब्यान्ड नेपथ्य हरेक पुस्तामाझ उत्तिकै लोकप्रिय छ। ९० को दशकमा स्थापित ब्यान्डले छेक्यो छेक्यो देउराली डाँडा हुस्सु र कुहिरोले, जोमसोमै बजारमा, भेडाको उनजस्तो, हिमाल चुचुरे, रेशम, चरी मऱ्यो सिसैको गोलीलेजस्ता गीतमार्फत् जनमानसमा लोकपप, लोकरक शैलीका गीत संगीत प्रस्तुत गर्दै आएको छ। म्युजिक लभरमाझ लोक तथा रक शैलीका गीतमा स्वाद बसाउने नेपथ्य देशदेखि विदेशसम्म सर्वाधिक व्यस्त ब्यान्डमध्ये एक हो। सन् १९९३ मा पोखरेली युवाहरू अमृत गुरुङ दीपकजंग राणा, भीम पुनहरूबाट शुरु भएको ब्यान्डमा पछि रविन श्रेष्ठ, सुरेश पुन र बुद्धि गुरुङहरू जोडिएका थिए। कन्सर्टका लागि हाल अमेरिका पुगेको ब्यान्डले सन् १९९३ मा आफ्नो पहिलो गीतको रूपमा आँगनैभरि हिउँ ल्याएको थियो। हालसम्म नेपथ्य ब्यान्डमा भित्रिने र बाहिरिने सदस्यको संख्या लामै छ। हाल ब्यान्डका भोकलिस्टमा अमृत गुरुङ छन् भने ड्रमसेटमा ध्रुव लामा, किबोर्डमा सुरज थापा, बेस गीतारमा सुविन शाक्य, गीतारमा निजर गुरुङ र मादलमा शान्ति रायमाझी रहेका छन्। सन् २०१० सम्म एल्बम निकालिरहेको ब्यान्डले त्यसयता एकल गीत सार्वजनिक गर्दै आएको छ। शब्द, संगीत र लयजस्ता गीतका तीनै महत्वपूर्ण पक्षले दर्शकलाई मोहित तुल्याउन सफल नेपथ्यले तीन दशक लामो यात्रा तय गरिसकेको छ।

- ब्यान्डमा रहेका अमृत गुरुङ र दीपकका साथमा सुरेश पुन, बुद्धि गुरुङ र नेपथ्यका पुराना भोकलिस्ट रविन श्रेष्ठ मिलेर सन् १९९३ मा ब्यान्डकै नामबाट पहिलो एल्बम नेपथ्य तयार पारेका थिए।

- पहिलो एल्बमका लागि गीत रेकर्ड गर्दा ब्यान्डका सदस्यहरूले पाँच-पाँच हजार रुपियाँ उठाएका थिए। उनीहरूले हङकङ जान ठिक्क परेका एकजना साथीसँग १८ हजार रुपियाँ लिएर तीन सय प्रति एल्बम निकालेका थिए। एल्बम बिक्री गरेर पैसा पाएपछि मात्र ती साथी हङकङ गएका थिए।

- महँगा होटल तथा हलमा तामझामका साथ एल्बम रिलिज गर्ने त्यो जमानामा उनीहरूले कमलादीस्थित गणेश मन्दिरमा पुगी गणेशलाई एल्बम देखाएर रिलिज गरेका थिए।

- नेपथ्य शब्दको अर्थ ब्याकग्राउन्ड अर्थात् पर्दापछाडिको स्थान हुन्छ। यो नाम नेपथ्य स्थापनाकालका एक सदस्य दीपकजंग राणाले जुराएका थिए। दीपक हाल पाइलट छन्। ब्यान्ड स्थापनाकालकै सदस्य भीम पुन पहिलो एल्बम रिलिज गर्नुअघि नै विदेशिएका थिए। दीपकजंग राणा पाइलट पढ्न विदेशतिर लागेका थिए। त्यस्तै, ब्यान्डका प्रमुख भोकलिस्ट रविन श्रेष्ठ पनि हङकङ पुगेका थिए। उनी हाल बेलायतमा छन्।

- नेपथ्य ब्यान्डलाई निरन्तरता दिने क्रममा अमृत गुरुङ धेरैपटक विचलित भएका छन्। आफ्ना साथीहरूले क्रमैसँग ब्यान्ड छोडेपछि एक्ला बनेका गायक अमृत दीपकजंग राणा पाइलट अध्ययनका लागि जर्मनी जाँदा निकै विछिप्त भएका थिए। त्यही रात उनले अभावैअभाव भयो तिमीबिना यो जीवन बोलको गीत लेखेका थिए।

- अमृत गुरुङका पिताले उनलाई गीत संगीतमा लागेर भविष्य राम्रो हुँदैन भनेका थिए। उनका पिताले भनिरहन्थे रे 'बाटुलेचौर (पोखरास्थित अमृतको गाउा) मा नपढेका गाइने छन्। हाम्रो घरमा चाहि पढेको गाइने छ।'

- ब्यान्डका प्रमुख भोकलिस्ट अमृत गुरुङलाई सन् २००५ मा फ्यारेन्जाइटिस रोगका कारण घाँटीमा समस्या भएको थियो। हाई पिचमा गाउने बानी भएका उनलाई डाक्टरले अब गीत नगाउ भन्दा ठूलो झट्का लागेको थियो। उनले सो समस्याका कारण जुस, माँसहारी खाना, मदिराजस्ता धेरै खालका खानेकुरा त्यागेका छन्। त्यस्ता खाने कुरा या गायन क्षेत्रमध्ये एक छान्नुपर्ने भएपछि उनले खाने कुरा त्यागेका थिए।

- सन् २०१३ मा नेपथ्य ब्यान्डले लन्डनस्थित संसारकै प्रसिद्धमध्ये एक वेम्ब्ली एरिनामा आफ्नो सांगीतिक प्रस्तुति दिएको थियो। नेपथ्य नै त्यहाँ प्रस्तुति दिने पहिलो नेपाली ब्यान्ड थियो।

- नेपथ्यले देशमा द्वन्द्व चरम अवस्थामा पुगेका बेला सन् २००२ मा देशका विभिन्न स्थानमा म्युजिकल टुर गरेको थियो। त्यसपछि विभिन्न मितिमा सुन्दर शान्त नेपाल, शान्तिका लागि शिक्षा, नेपथ्य फर अल, मानवताका लागि संगीतजस्ता कन्सर्टमार्फत नेपथ्यले सामाजिक कार्यका लागि पहल गर्दै आइरहेको छ। ब्यान्डले सांगीतिक यात्रामार्फत उठेको करोडौं सामाजिक कार्यका लागि खर्चिएको पनि छ।

- सुन्दा अचम्म पनि लाग्न सक्छ यति ख्याति कमाएका गायक अमृत गुरुङ खेतबारी र गोठमा सहजै काम गरिरहेको अवस्थामा भेटिन्छन्। हो, कन्सर्ट र कार्यक्रम नभएका समयमा गायक अमृत गुरुङलाई पोखरास्थित आफ्नै खेतवारी र गोठमा काम गरिरहेको भेटिन्छ।

- कार्यक्रम नभएका बेला पोखरास्थित आफ्नो गाउँमै बसोबास गर्ने अमृत जतिसक्दो हिँडेरै यात्रा तय गर्ने गर्दछन्।







## बैंस जोवन उम्रो



गायिका शान्तिश्री परियारको स्वरमा तीज गीत बैंस जोवन उम्रो सार्वजनिक भएको छ।

डीआर सुजनको शब्द रचना, संगीत र आशिष अविरलको एरेन्जमेन्ट रहेको गीतमा जीवनमा दु:ख सुख भनेको आइरहन्छ दु:खमा आत्तिने र सुखमा न मात्तिने नै जीवन यापनको सजिलो माध्यम हो भन्ने सन्देश दिन खोजिएको छ।

डीआर सुजन, अञ्जली अधिकारी र सरस्वती खत्रीको अभिनय रहेको गीतको भिडियोमा काजिस श्रेष्ठको कोरियोग्राफी, नवराज उप्रेतीको छायांकन र विकास ज्ञवालीको सम्पादन रहेको छ। डीआर सुजनले नै निर्देशन गरेको भिडियो उनकै युट्युब च्यानलबाट सार्वजनिक गरिएको हो।

## सतीदेवीमा छोरीबेटीको व्यथा



पत्रकार, फिल्म लेखक तथा निर्देशक लक्ष्मण सुवेदीद्वारा निर्देशित फिल्म सतीदेवीको ट्रेलर हालै राजधानीमा आयोजित एक समारोहबीच सार्वजनिक गरिएको छ।

तीन मिनेटको ट्रेलरमा छोरीबेटीको कथा व्यथा छ। ट्रेलरमा महिला सशक्तीकरण, पारिवारिक उल्झन, सामाजिक सोच तथा छोरीहरूले बाबुआमाको खुसीका लागि गर्ने त्याग प्रस्तुत गरिएको छ। चार छोरी भएको एक परिवारको कथा पोखिएको ट्रेलरमा छोरा पाउने चाहनामा छोरीछोरी जन्मिएका अभिभावकले समाज, छरछिमेक, आफन्तबाटै पाउने अपहेलना, अवगाल तथा होच्याइ र हेलाको प्रसंग हृदयस्पर्शीरूपमा देखाइएको छ।

निर्देशक सुवेदीले सतीदेवी भिन्न र उत्कृष्ट फिल्म बनेको दाबी गर्दै महिलाको विषयमा समाजमा व्यप्त गलत सोच र भ्रम चिर्न प्रभावकारी सन्देश दिने बताए। अभिनेत्री मलिका महतले फिल्ममा आफ्नो सशक्त भूमिका रहेको जनाउँदै आफू यसअघि यतिको यथार्थ र मौलिक विषयमा प्रस्तुत हुन नपाएको बताइन्। फिल्ममा मलिकासँगै सन्दीपबाबु लोहनी, रमेश बुढाथोकी, कुलदीप अधिकारी, भोला सापकोटा, सृजना अधिकारी, सुजिता सिवाकोटी, सन्देश लिम्बू, मनीषा सापकोटा, जयन्त रेग्मी, विमल श्रेष्ठ, देव महर्जन, तुलसी श्रेष्ठ, इभेन जोशी, ईश्वरी सिंह, पवन केसी, जगदीश अधिकारी, बालकलाकारद्वय हर्षिका वली र मञ्जिला बानियाँलगायतले अभिनय गरेका छन्।

गोल्डेन स्टेट मुभी मेकर्स एलएलसी क्यालिफोर्नियाको सहकार्यमा दिलासा क्रिएसनको प्रस्तुति तथा श्रीदेवी सुवेदीको निर्माणमा निर्मित फिल्ममा निर्देशक सुवेदीकै लेखन र गीत रहेको छ।

आगामी भदौ ७ गते रिलिज हुने फिल्ममा दीपक शर्मा र सुवास थापाको संगीत, रामजी लामिछानेको कोरियोग्राफी, देव महर्जनको द्वन्द्व निर्देशन, बाबु श्रेष्ठको छायांकन र तारा थापाको सम्पादन रहेको छ।

THIS AD
IS FOR
GEN Z

नेपाल समाचारपत्र
NEPAL SAMACHARPATRA
TAKE A BREAK FROM THE SCREEN

## सम्पादकीय

# राजनीति र प्रशासन दुवैको दोष

देशमा सुशासन–समृद्धिसँगै विकासले अपेक्षाकृत गति लिन नसक्नुमा राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व दुवै दोषी छन् । यद्यपि मुलुकमा कुशासन बढ्नु अनि विकास र समृद्धिको मार्ग अवरुद्ध हुनुमा बढी दोष राजनीति र प्रशासनमध्ये कसको भन्नेमा समान मत पाइँदैन । कसैले प्रशासनिक नेतृत्व दोषी भएको औँल्याउँछन् भने कतिपयले राजनीतिक नेतृत्व नै मुख्य दोषी भएको औँल्याउँछन् । केहिले भने दुवै पक्ष दोषी भएको तर्क गर्ने गरेका छन् । यस्ता विषयमा जे–जस्ता तर्क आए पनि यदि मुलुकमा सुशासन स्थापित गर्दै विकास र समृद्धिको मार्ग कोर्ने हो भने राजनीतिक र प्रशासनिक नेतृत्व दुवै पक्ष सच्चिनुपर्छ । यद्यपि मुलुक सञ्चालन गर्ने प्रमुख भूमिकामा राजनीतिक नेतृत्व रहने भएकाले सुधारको अगुवाइ राजनीतिबाटै हुनुपर्छ । मुलुकमा भ्रष्टाचार बढ्दा त्यसको असर सबै क्षेत्रमा परेको छ । जनताले सेवा प्रवाहमा समेत अत्यधिक दुःख र झन्झट व्यहोर्नुपर्ने अवस्था छ । यो सबै भ्रष्टाचार र दण्डहीनताका कारण भएको हो ।

राजनीतिक विश्लेषकहरूका अनुसार राजनीति फोहोरको ढङ्गुरजस्तै हुन पुग्दा दुवै पक्ष भ्रष्ट भएका हुन्, त्यसैले पहिला राजनीतिक नेतृत्व नै सच्चिनुपर्छ । विश्लेषकहरूको यो भनाइलाइ आधार मान्दा मुख्य मुहान नै सफा हुनुपर्ने देखिन्छ । मुख्य मुहान भनेको राजनीतिक नेतृत्व नै हो । यद्यपि मुहानको रुपमा रहेको राजनीतिक नेतृत्व नै बढी भ्रष्ट भए पनि हाँगाबिँगाको रुपमा रहेको प्रशासनिक पक्ष पनि कमचाहिँ छैन । प्रशासनिक पक्ष भ्रष्टरुपी दौडमा राजनीतिकै हाराहारीमा पुगिरहेको देखिन्छ । यी दुईमा राम्रो काम र सुधारका लागि भन्दा पनि खराब काम र भ्रष्टाचार गर्ने कार्यमा बढी प्रतिस्पर्धा हुनु दुःखद छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत आर्थिक वर्ष २०८०/८१ मा दायर गरेको भ्रष्टाचार मुद्दालाई विश्लेषण गर्दा भने राजनीतिभन्दा प्रशासनिक क्षेत्र बढी भ्रष्टाचारमा डुबेको देखिन्छ । अख्तियारका अनुसार गतवर्ष भ्रष्टाचारमा मुद्दा दायर गरिएका १३ सयमध्ये ५ सय २० जना कर्मचारी छन् भने २ सय ८२ जना राजनीतिक नेतृत्वबाट आएका जनप्रतिनिधिहरू रहेका छन् । अख्तियारको मुद्दा दायरको सो क्रमलाई हेर्दा बढी भ्रष्ट प्रशासनिक संयन्त्रजस्तो देखिन्छ । तर देशमा राजनीतिक नेतृत्वमा रहनेहरूभन्दा कर्मचारीको संख्या अत्यधिक धेरै रहेकाले पनि उनीहरूको संख्या बढी भएको हो । यसैलाई मात्रै आधार लिएर कर्मचारीहरू नै बढी भ्रष्ट भन्न सकिँदैन । अख्तियारको कारबाही राजनीतिक नेतृत्वभन्दा प्रशासनिक पक्षमाथि बढी केन्द्रित भएकाले संख्यात्मकरुपमा त्यस्तो भएको देखिएको हो । मुलुकमा बढी भ्रष्टाचार हुन्छ, भ्रष्टाचारीहरू बढी जन्मन्छन् भने त्यसको मुख्य जिम्मेवारी राजनीतिले लिनुपर्छ । यसो भनिरहँदा प्रशासन पनि उत्तिकै जिम्मेवार र नैतिकवान् बन्न जरुरी छ ।

राजनीति र प्रशासन एक–अर्काका परिपूरक हुन् । यी दुईबीचको सुमधुर र इमानदारितासहितको सम्बन्धले मात्रै मुलुकको विकास, समृद्धि र सुशासन सम्भव छ । अहिलेका कर्मचारी बढी सक्षम तर कम इमानदार भए भन्ने गुनासाहरू पनि यत्रतत्र आउने गरेका छन् । त्यसैले सक्षम कर्मचारीले इमानदारितापूर्वक काम गरिदिने हो भने मुलुकमा व्याप्त भ्रष्टाचार धेरै हदसम्म घटेर जाने निश्चित छ । राजनीतिबाट आउने प्रधानमन्त्री, मन्त्रीहरूले आफूले भ्रष्टाचार नगर्ने र भ्रष्टाचार गर्नेलाई कडा कारबाही गर्ने उद्घोष गरेर त्यसलाई व्यवहारमा उतार्न सके भने कर्मचारीतन्त्रबाट हुने धेरै बदमासी रोकिन सक्छ । त्यसैले भ्रष्टाचार रोक्ने मुख्य भूमिकामा राजनीतिक नेतृत्व नै रहने भएकाले यसको अगुवाइ राजनीतिबाटै गरिनुपर्छ र दुवै पक्ष आमूलरुपमा सुध्रिएर अघि बढ्नुको विकल्प छैन ।

**लेखकहरूलाई अनुरोध**

१३०० शब्दका उत्कृष्ट लेख-रचना एवम् पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ ।

email : lekh_rachana@yahoo.com, samacharpatrac@gmail.com

# दुई तिहाइको राजनीति



अच्युतप्रसाद पौडेल 'चिन्तन'

अघि-अघिसम्म तेस्रो पोजिसन आयो भने स्कुलमा थर्ड क्लासको हो यो भनिन्थ्यो। एसएलसीमा थर्ड, सेकेन्डमा परिएला भनेर स्कुलमा जहिले पनि फस्ट बेन्चमा बस्ने गरेको, नभन्दै लाजगाल फस्ट डिभिजन नै आएछ। तर पछि खर्चबर्चले धानेन र डाक्टर वा इन्जियर बनिएन। देशको पूर्वाधार कसले बिगारेको भन्ने प्रश्नमा अहिले भन्ने गरिन्छ- यो इन्जिनियरले बिगारेको तर पङ्क्तिकार यो विषयमा सहमत छैन। यो बिगारेको राजनीतिले हो। यसको ज्वलन्त प्रमाण त भर्खरै ओलीजीले संसद्मा दुई तिहाइको मत लिइरहँदा एक पूर्वमन्त्रीले परीक्षा नियन्त्रण कार्यालयमा बिचौलियालाई रु. ५ हजारको घूस खुवाएको वक्तव्य नै पर्याप्त छ।

बालकोटबाटै खुमल्टारमार्फत निर्देशित लोकतन्त्र अब सर्लक्कै बालकोटमै फिर्ता भएको छ। यसपछि बूढानीलकण्ठ सरुवा हुनेमा पनि लोकतन्त्र विश्वस्त भइसकेको छ। बालकोटले गएको चुनावमा सेकेन्ड डिभिजन हात लगाएको थियो र खुमल्टारले थर्ड डिभिजिन ल्याएको थियो। थर्ड डिभिजनमै सीमित रहेको लोकतन्त्र सेकेन्ड डिभिजनमा पुग्नु राम्रो कुरो हो, केही समयपछि नै हाम्रो लोकतन्त्र बूढानीलकण्ठको फस्ट डिभिजनमा सरुवा हुनेछ। फस्ट डिभिजनमा हातेमालो गराउने काम थर्ड डिभिजनबाटै भएको हो गएको उनासीमा। लोकतन्त्रलाई परिचालन गराइरहँदा चुनावका बेला मात्र गठबन्धन बा समीकरण हुने, अरु बेला नहुने अन्तर्राष्ट्रिय मान्यता हाम्रो देशले बोक्न सकेको छैन। नयाँ बहानाबाजी आएको छ अहिले, संविधान संशोधन गर्न अहिलेको सत्ता समीकरण गरिएको रे ! नभन्दै श्रावण ६ गतेको प्रतिनिधिसभाबाट प्रधानमन्त्रीले दुई तिहाइको मत पाएका छन्। त्यसको परिणाम त न्यूरोडले स्पष्ट देखाएको छ। ओली समर्थित वडा अध्यक्षहरूलाई अलि सजिलो भएको छ, काठमाडौँ महानगरमा एकजुट भएका छन् ती र सडकमै पाल हालेर कार्यालयको सेवा दिन थालेका छन्। अदालतले पैदलमार्ग विस्तारमा लागेका बालेनको कामलाई अवरोध नगर्नू भनी दिएको आदेशविरुद्ध काठमाडौँ महानगर फेरि एकपल्ट एमालेकरण हुँदै छ र बालेनको डोजर फिर्ता भएको छ। खुँडा, खुकुरी लिएर थापाथलीबाट निस्केको सुकुम्बासी भनिएकाहरूको भीडबाट पनि बालेनको डोजर यसअघि फिर्ता भएको थियो। यसै सन्दर्भमा अदालतले सुकुम्बासी पहिचान गरी अन्यत्र बसोबास गराउनू, नदीकिनारामा होइन भन्ने आदेश पनि अब के कसो होला ? कार्यान्वयनमा शंका नै छ।

त्यसो त अर्को समस्या नेसनल आईडीको गम्भीर छ अहिले, अदालतमा मुद्दा पनि परेको हो, यो वा त्यो बहानामा वृद्ध भत्ता नरोक्नू पनि भन्यो अदालतले, असारको अन्त्यतिर क्याबिनेट निर्णय भई पेन्सनधारी र वृद्ध भत्तामा यो आईडी नखोज्ने भन्ने निर्णय पनि भएको खबर बाहिर आयो। तर यो पङ्क्ति तयार गर्नु एकदिन अघिमात्र वृद्ध भत्ताका लागि आफन्तको नवीकरण गरिदिन वडा कार्यालयमा जाँदा काम भएन र नवीकरण फाराममा अनिवार्य नेसनल आईडी भनिएको रहेछ, फिर्ता भइयो। अब निवृत्तिभरण कार्यालयले हरेक बैंकलाई उर्दी जारी गर्दै श्रावणको पेन्सनकै लागि नेसनल आईडी, प्यान कार्ड अनेक पेपर अनिवार्य हुने भनेको सूचना आएको छ। सबैजसो पालिकाहरूमा हेर्दा बूढाबूढीहरू लखतरान परेर आईडीका लागि सुतेको, बसेको दृश्य देखिएको छ। आम नागरिकलाई दुःख दिनु नै लोकतन्त्रको आदर्श भएको पङ्क्तिकारको ठम्याइ छ। हर्क, बालेन, हमालहरूले त दुःख पाएकै छन्। स्वतन्त्ररुपमा आएको रास्वपालाई जरैसमेत उखेल्ने प्रयत्न भएको छ, सहकारीमा अध्यक्ष, मानव बेचबिखनमा उपसभामुख, अनि ढाकारामदेखि मुकुलसम्मका घटनाहरू बर्बर्ती आइरहेको प्रसंग स्पष्टै छ। नेपालको लोकतन्त्रले नयाँ अनुहारलाई पटक्कै सहेको छैन। उसले पुस्तान्तरण, हस्तान्तरण गर्न जानेको छैन। सातपल्टसम्म कार्यकारी प्रमुख रहन चाहेको छ। नयाँ पिँढीहरू असहय भएर विदेश पलायन हुँदै गएका छन्। भर्खरै बिदा भएको आवमा साढे सात लाख नेपाली विदेशिएका छन्। यसलाई हाम्रो लोकतन्त्रले आफ्नो आदर्श मानेको छ। उनीहरूलाई फर्काउने योजना नै बनाउँदैन।

> नेपालको लोकतन्त्रले नयाँ अनुहारलाई पटक्कै सहेको छैन। उसले पुस्तान्तरण, हस्तान्तरण गर्न जानेको छैन। सातपल्टसम्म कार्यकारी प्रमुख रहन चाहेको छ। नयाँ पिँढीहरू असहय भएर विदेश पलायन हुँदै गएका छन्। भर्खरै बिदा भएको आवमा साढे सात लाख नेपाली विदेशिएका छन्। यसलाई हाम्रो लोकतन्त्रले आफ्नो आदर्श मानेको छ। उनीहरूलाई फर्काउने योजना नै बनाउँदैन।

पहिले दुई तिहाइ पाउँदा लोकतन्त्र कोमामा पुगेर अदालतले फर्काइदिएको हो। त्यसो त १५ सालको चुनावदेखि नै देशलाई बहुमतको सरकार फापेको छैन। पछिल्लो समय ४८ सालको आमचुनावबाट पनि एनसीले बहुमत पाएको हो, ढल्यो। दलहरूले नातागोता, आफन्तबाहेक अरुलाई देख्ने गरेका छैनन् र सुशासनको पाठ पढ्न थालेपछि यसअघिको सरकार अनायासै ढलेको भनिन्छ। पढाउने यहाँ धेरै छन्, पढ्नेको कमी छ। पढ्न थालेको छनक ललितानिवास, गिरीबन्धु टी, बाँसबारीको जग्गा, बालमन्दिरका विषय उठ्न थालेपछि र भुटानी शरणार्थीको जरो पत्ता लाग्छ कि भनेपछि, आमजनता आशावादी भइरहँदा सरकार ढल्यो। अबको सरकारले सुशासनलाई फेरि पढाउन थालेको छ। यस्तै प्रकृतिको यसअधिका सरकारहरूले सुशासनको सुगा रटाइ धेरै गरेका थिए पनि। दुई तिहाइमा निश्चय नै थप बल हुन्छ। त्यसको प्रयोग बालेनविरुद्ध मात्रै होइन अब एनईएतिर पनि भएको छ। लाइन काटिएको बिजुली तुरुन्तै जोड्न आदेश जारी भइसकेको छ। अब कुलमानले राजीनामा दिनु उत्तम विकल्प भइसकेको अवस्था छ। लाइन जोड्यो भने ट्रेड युनियनले आन्दोलन शुरु गर्ने भनिसकेको छ। कुलमान दुईतिरको चेपुवामा परेका छन्। यिनले लोडसेडिङ कम गरे पनि न्यूनतम महसुल भनी छुट्टै बिलिङ गर्न थालेको धेरै वर्ष भइसकेको छ। एक साताभित्र महसुल तिरेमा दिइने गरिएको ३ प्रतशतको रिबेट २ प्रतिशतमा झारेका र भुटानभन्दा महँगो बिजुली महसुलको मार नेपालीले खेपिरहेका छन्। अहिले जुन दरमा बिजुली निर्यात भएको छ, त्यो भन्दा बढी दरले स्वदेशी उपभोक्ताहरूले प्रयोग गरिराखेका छन्। स्वदेशी उत्पादन भए २० प्रतिशतसम्म महँगो भए पनि यहाँकै उत्पादन प्रयोग गर्नु भन्ने नारा छ देशको।

अहिले संविधान संशोधनको मुद्दा अघि सारेर जनतालाई झुक्याइएको छ। संविधान संशोधन केहीबेरमै हुने कुरो होइन। देशमा वैदिक सनातनीहरूको संख्या ओमकार परिवारको ९४ प्रतिशत भइरहँदा संविधानमा त्यो धर्म निरपेक्षको संशोधन पहिले हुनुपर्ने थियो। तर एजेन्डा छैन, ओलीले शपथ लिँदा पहिले त्यो पर्दैन भन्थे भने अहिले राष्ट्रप्रमुखले पढाएको ईश्वरको नाममा भन्ने शब्द उनले पढेनन्। यसबाट स्पष्ट हुन्छ, हाम्रो लोकतन्त्र अभिभावकबाट पनि धेरै टाढा भइसकेको छ। बोझिलो प्रदेश सधैँ सरकार बनाउने र ढाल्ने मात्र काम हो उसको, किन आवश्यक पर्‍यो ? अनि आरक्षणभन्दा प्रतिस्पर्धा नै राम्रो हो। यसमा संशोधन गर्ने विषयमा ध्यान गएको छैन। आरक्षणका नाममा पनि राष्ट्रिय स्तरका भाउजूहरूको प्रतिनिधित्व भइराखेको छ र पकेटबाट नियुक्ति हुने परम्परा तोडिएको छैन, बरु बढेको छ। शिक्षा, स्वास्थ्य निःशुल्क गराउने विषय आएको छैन। संविधानले जे मौलिक हकमा बोलेको छ, त्यो कार्यान्वयन भएको छैन। अब कस्तो संशोधनको कुरो हो ? आम सर्वसाधारणले बुझ्न सकेका छैनन्। दुई वर्ष वृद्धहरूले शासन गरेपछि फस्ट ब्वाईलाई हस्तान्तरणको नियतभन्दा बढी केही देखिएको छैन। दुईवटा गाडी नदी स्नान गर्न गए भने फर्काउन विदेशी आउनुपर्ने भूगोल बोकेको, डेढ लाख वर्गकिमि भूगोल, त्यो अति असहज र जनता डेढ करोड पनि नबस्ने देशमा आएको संघीयता विदेशी ऋणमै पालिएको छ। भर्खरै एक वर्षको ऋण सावाँ-ब्याज भुक्तानीमा ३ खर्ब खर्चिएको र एक नेपाली जन्मदै ८४ हजार ऋण बोक्ने भइसकेका छन्। जीडीपीको ४० प्रतिशत ऋण नाघिसकेको छ, ४० प्रतिशत नाघ्नु भनेको संकटको घडी हो भनिँदै छ। चालू खर्च धान्न नसक्ने भइसकेको र विकास खर्च आधा पनि नभएको अवस्था छ। भएको पनि असारे र डोजरे भएको कुरा आम भूगोल अहिले पग्लिरहेको र यही वर्षाले पनि सयौँ नेपालीलाई स्वाहा गरिसकेकोबाट स्पष्ट हुन्छ।

फ्रान्सका प्रधानमन्त्रीको उमेर ३४ वर्षको छ। एन्डोरा र आयरल्यान्डका ४४ वर्षका, भुटानी राजा ४३ वर्षका छन्। उत्तर कोरियाका कार्यकारी ४० वर्षका अनि हामीले बिदा नै दिएर गोडा ढोगेका कतारी राजा ४३ वर्षका छन्। हाम्रो लोकतन्त्रले पालेको ११९ दलमध्ये १४ बढी सक्रिय छन्। ती १४ मा ९ दलका नेताहरू वृद्ध भत्ताका लागि योग्य छन्, मात्रै होइन, कोही त ८० उमेर पुगेका छन्। चारवटा किड्नी लिएका ओली देशको अवस्था ठीक छैन बदल्नु पर्छ भन्छन्। आफैँले बनाएको संविधानमा उनलाई विश्वास छैन। अबको अवस्था बदल्नु भनेको योभन्दा हरिबिजोक हुने त होला। अवस्था बदल्न त मेसिनरी बदल्नुपर्‍यो नि। उही मेसिनरी सबै खिया लागिसकेको छ, अब बदल्नु भनेको आर्यघाटतिरको त होला। विश्व स्वास्थ्य संगठनले ६० वर्ष उमेरपछि कतिपयलाई मनोवैज्ञानिक समस्या हुन्छ भनेको छ, स्मरण शक्ति हुन्न भनेको छ, निर्णयक्षमतामा कमी भनेको छ। निसेनिले ५८ वर्षमा सरकारी जागिरबाट बिदा गराउँछ, न्यायालयमा ६५ र शिक्षामा ६३ छ अनि ज्याद्रो राजनीति जसले देश बोकिरहन्छ, उसले उमेरको ख्याल नगर्ने भएपछि देशको अवस्था यहाँभन्दा पनि गएगुज्रेको हुनु स्वाभाविक हो। पछिल्लो उदाहरण त बालेन, हर्कहरूको ताडना नै पर्याप्त छ। यो भन्दा राम्रो हाम्रो लोकतन्त्रलाई पजेरो र हेलिकोप्टरमा हिँडाउने, गुडाउने, उडाउने होइन, नेपालीको स्तरअनुसार साइकलमा गुडाउँदा राम्रो हुन्छ। त्यसो भए सबैतिर संघीयता र गणतन्त्रको अनि लोकतन्त्रकै अनुहार सबैले देख्न सक्ने हुन्छन्। अहिले नेपालीहरूले यसको अनुहार देखेका छैनन् र लाभ पनि केही पाएका छैनन्। र त निराश भई रोजगारी बा प्लस् टु भन्दै देश छोड्दै छन्। अब कथित नेसनल आईडीमा पुनर्विचार नगर्ने हो भने अरु बाँकीहरू पनि यहाँ देखिने छैनन्।

## पाठक पत्र

### मूल्य बढ्नासाथ लगानी गर्ने, डुबेपछि टाउकोमा हात राख्ने प्रवृत्ति

कुनै पनि वस्तु तथा सेवा खरिद गरेपश्चात् त्यसको बर्सेंपिच्छे मूल्यमा गिरावट आउँछ। हाम्रो कानुनअनुसार जुनसुकै सवारीसाधन, घर, विमान (प्लेन) किनेर सम्बन्धित निकायमा दर्ता गरेपछि सोको मूल्य वार्षिक २५ प्रतिशतको दरले घट्ने व्यवस्था नै छ। सरकारले जन्मिएको मितिले १६ वर्ष पुगेपछि आफ्ना नागरिकलाई नागरिकता दिन्छ भने ६८ वर्ष पुगेपश्चात् ज्येष्ठ नागरिक भत्ता प्रदान गर्दछ। मानिस जन्मिएपछि मर्नुपर्ने स्वाभाविक प्रक्रिया नै हो। तर, उसले त्यसबीचको अवधिमा के-कस्ता काम गर्छ, त्यो महत्त्वपूर्ण हुन्छ। किनकि राम्रो काम गरेपछि मरेपश्चात् समेत त्यो व्यक्तिको याद गरिन्छ। यद्यपि, त्यसतर्फ प्रवेश नगरौं।

अहिले बजारमा सुनको मूल्य निरन्तर उकालो लागिरहेको छ। झन्डै पाँच दशकअघि अर्थात् २०३२/०३३ मा तोलाको १८ सय रहेको सुन अहिले बढेर डेढ लाख पुगेको छ। सुनको मूल्य बढाउनुमा सीमित व्यापारी तथा दलालीहरूको हात छ। अहिले डेढ लाखमा सुन किन्नेहरू भोलि मूल्य घट्नासाथ डुब्नेछन्। सुनको मूल्य सधैँ बढिरहने मात्र छैन। कुनै दिन त घटी नै हाल्छ। किनकि पाँच दशकअघि सुनको मूल्य तोलाको १८ सय थियो। भोलि फेरि यही मूल्यमा नझर्ला भन्न सकिँदैन। कुनै पनि वस्तुको मूल्य बढ्नासाथ त्यसमा आँखा चिम्लेर लगानी गर्ने हाम्रो प्रवृत्ति छ।

उदाहरणकै लागि दुई वर्षअघि पनि शेयरको मूल्य ह्वात्तै बढेको थियो। त्यति बेला एक कित्ता शेयरकै ३२ सय रुपियाँ पुग्यो। हामी सर्वसाधारण शेयरमा त नाफा पो हुने रहेछ भनेर दलालीको लहैलहैमा लागेर आफ्नो भएभरको पैसा यही क्षेत्रमा लगानी गरियो। अनि शुरु भयो शेयरको मूल्य घट्न। एकाएक ३२ सय पुगेको शेयर गएको दुई वर्षको बीचमै सय रुपियाँमा बिक्री नहुने अवस्था सिर्जना भयो।

किनकि शेयरमा लगानी गरेका ठूला लगानीकर्ता (दलाली) हरूले त आफ्नो शेयर महँगोमा बेचिसकेका थिए। जब महँगोमा बेच्ने पालो साना लगानीकर्ता (सर्वसाधारण) को आयो तब उनीहरूको ह्वात्तै मूल्य घटाइदिए। अनि मूल्य घटेको समयमा किनेर अहिले ती दलालीहरू आफैंले शेयरको मूल्य बढाई बेचिरहेका छन् अथवा सर्वसाधारण फसाइरहेका छन्।

यसले शेयर होस् या सुन जुनसुकैको मूल्य बढ्दा पनि सर्वसाधारणलाई होइन सीमित दलाली वा व्यापारीलाई फाइदा हुने हो। यसतर्फ लगानी गर्नुपूर्व सोचविचार गर्न निकै जरुरी छ। अर्कोतर्फ, दशकअघि नेपालमा खेतबारी नै खेतबारी थियो। घर निकै कम थियो। घर भए पनि कच्ची माटोको हुन्थ्यो। तर, अहिले सबै सिमेन्टको बनेका पक्की घर छन्। काठमाडौं उपत्यकासहित देशभरका जिल्ला घरले भरिएका छन्। खाली जग्गा कमै देख्न पाइन्छ। देशभर एकाएक घर निर्माण हुनुको पनि छुट्टै कारण छ। २०२१ र २०३२ सालमा दुईपटक गरी सरकारले जग्गाको नापजाँच गर्‍यो। २०२१ सालअघि कोहीसँग पनि जग्गाको लालपुर्जा थिएन।

यद्यपि, सरकारले जग्गाको नापजाँच गरी व्यक्तिको जग्गा व्यक्तिलाई नै दियो अथवा लालपुर्जा दियो। २०२१ सालमा जग्गाको नापजाँच गरी लालपुर्जा दिइएकोमा कतिपय व्यक्तिले आफ्नो जग्गा नापजाँच गर्न छुटेको पुनः गर्न माग गरेपछि ०३२ सालमा पनि जग्गाको नाप गरिएको हो। अनि ०३२ सालमा गरिएको नापमा अधिकांश व्यक्तिले सरकारी कर्मचारी, कानुन व्यवसायीको आडमा सरकारी/सार्वजनिक जग्गासमेत आफ्नो नाममा दर्ता गराए।

यता, २०३९ सालसम्म नेपाल खाद्यान्नमा पूर्ण आत्मनिर्भर थियो। त्यति बेला अन्य मुलुकलाई अनुदानस्वरुप खाद्यान्न दिने हाम्रो देश आज त्यही खाद्यान्नका लागि विदेशीको गुलामी गर्नुपर्ने अवस्थामा पुगेको छ। छिमेकी राष्ट्र भारत वा अन्य देशले खाद्यान्न नपठाए हामी नेपाली भोकभोकै मर्नुपर्ने परिस्थित सिर्जना भएको छ। २०४१ सालअघि जग्गाको खण्डीकरण वा प्लाटिङ गरिँदैनथ्यो। ०४१ सालमा भूमाफिया, जग्गा दलालीहरूले खेतीयोग्य जमिनसमेत प्लाटिङ गर्ने पोलिसी ल्याए। र, सोहीअनुरुप अघि बढे। गरिब कृषकसँग रोपनीको पाँच/दश हजारमा जग्गा खरिद गरे। अनि त्यो जग्गामा डोजर चलाई खण्डीकरण गरेर आनाकै ६० देखि ७० लाखमा बेचबिखन गरे। अटो शोरुमहरूले पनि भारतमा एक लाखमा पाइने सवारीसाधन नेपलमा पाँच लाखदेखि २५ करोडसम्ममा बेचे।

०४० सालअघि नेपालको एक रुपियाँ पनि विदेशी ऋण थिएन। तर, चार दशकको बीचमा नेपाल सरकारले विदेशीसँग २७ खर्ब ऋण लिइसकेको छ। अहिले प्रत्येक नेपाली जनताको टाउकोमा लाखौं रुपियाँ विदेशी ऋण छ। साढे चार दशकअघि मुलुकमा सरकारी बैंकबाहेक प्राइभेट बैंक तथा वित्तीय संस्था थिएनन्। सरकारी बैंकहरू कृषि विकास बैंक, नेपाल राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेड मात्रै थिए।

त्यति बेला कमै जनता बैंकका ऋणी थिए अथवा कोही पनि ऋणी नै थिएनन् भन्दा पनि हुन्छ। भनिन्थ्यो, ऋण भनेको घिन हो। तर, अहिले हरेक जनता ऋणी छन्। कोही बैंकको ऋणी छन् त कोही लघुवित्त, सहकारी, फाइनान्सको। त्यस्तै, अधिकांश व्यक्तिका पनि ऋणी छन्। घरजग्गा, गाडी, शेयरजस्ता वस्तुमा लगानी गर्न बैंक, वित्तीय संस्थाबाट समेत सर्वसाधारणले कर्जा लिएका छन्। अहिले त्यही कर्जा तिर्न नसकेर उनीहरूको उठीबास लागेको छ। चार दशकको बीचमा नेपालमा थुप्रै विदेशी लगानी भित्रिएको छ।

अहिले मुलुकमा सञ्चालित प्राइभेट बैंकहरूमा सबै विदेशी व्यक्तिको लगानी छ। हामी सर्वसाधारण कर्जा लिएर विदेशीलाई ब्याज तिरिसकेका छौं। यता, सरकार पनि विदेशीसँग ऋण लिई ब्याज तिरिरहेको छ, त्यो पनि जनताले तिरेको करबाट। रोचक त के छ भने, जनता र सरकार दुवै विदेशीलाई नै ब्याज तिरिरहेका छन्। अनि कसरी हाम्रो देश उँभो लाग्छ ? हामी यहाँ कर्जा लिएर घर बनाइरहेका छौं तर फाइदा विदेशीलाई भएको छ।


किनकि त्यो घर बनाउँदा त नेपालमा सञ्चालित विदेशीको बैंकले कर्जा प्रवाह गरेको हुन्छ नि त। हामी नेपाली विदेशीलाई धनी बनाउने काम गरिरहेका छौं तर अहिले पनि हामीले यो कुरा बुझ्न सकेका छैनौं। अहिले सहकारीका बचतकर्ताहरू आन्दोलित छन्। सहकारीले पैसा खाइदिएपछि घर न घाटका बनेका उनीहरू आन्दोलन गरिरहेका छन्। कहिले माइतीघरमा अनशन बस्छन् त कहिले साङ्लो बनाएर आन्दोलन गर्छन्।

समय एउटा चक्र हो। भनिन्छ कि समय फर्केर आउँदैन। समय निकै महत्त्वपूर्ण हुन्छ। समयानुसार चल्न नसक्ने व्यक्तिले भविष्यमा प्रगति गर्न नसक्ने बताइन्छ। यता, बिहान भएपछि घाम लाग्छ त बेलुका भएपछि अँध्यारो वा रात पर्छ। कुनै बेला रजगज चलेको बैंक, वित्तीय संस्था आज टाट पल्टिने अवस्थामा पुगेका छन्। हिजो यिनीहरूले सीधासाधा जनतालाई ठग्नु ठगे। करोडौंको धितो लाख रुपियाँ ऋणमा पचाएर ऋणीलाई सडकछाप बनाइदिए। बचतकर्ताको समेत पैसा खाइदिएका छन्। बैंक, वित्तीय संस्थाबाट नठगिएको शायदै कोही होला। तर, पर्दाभित्र बसेर बैंक, वित्तीय संस्थाबाट सर्वसाधारण ठग्न लगाउने नेताहरू नै हुन्। किनकि यिनीहरूकै कार्यकर्ताले बैंक, वित्तीय संस्था खोलेका छन्। बिमा कम्पनी खोलेका छन्। घरजग्गा, गाडी र शेयर दलाली पनि यिनैका कार्यकर्ता हुन्।

राजनीतिक दलहरूकै कारण सर्वसाधारण ठगिएका छन्। देश कंगाल भएको छ। दलहरूले देशको विकास होइन, विनाश गरेका छन्। अहिले देश र जनता नै ऋण भएका छन्। पहिला काल आएर मानिसको ज्यान जान्थ्यो भने अहिले बैंक, वित्तीय संस्थाको ऋण तिर्न नसकेर, बचत खाइदिए वा खान नपाएर जनताले आत्महत्या गरिरहेका छन्।

- **रूषा थापा, भक्तपुर**

## सामाजिक सञ्जाल



ठूला देशहरूले एक-अर्कालाई हस्तक्षेप नगरी आफ्नो प्रभावित क्षेत्रमा पर्ने साना देशलाई आफ्नो मुठ्ठीमा नचाउने, उपनिवेश बनाउने कुरा कल्पना पनि गर्न सकिँदैन। डा स्वर्णिम वाग्ले इकोनोमिस्क्सको विषयबाहेक राजनीति/कूटनीतिका कुरामा आफ्नो मुखमा टेप लगाए हुन्छ।

**Dr. Sundari Pokharel**
**@SundariPokharel**



संविधान सम्बन्धमा यति बेला पहिलो सान्दर्भिक प्रश्न हो- प्रतिनिधिसभाको दुई ठूला दलको सरकार के संसदीय प्रणाली संगत हो ? त्यो बाध्यता वा सत्ताभोगिता जे होस्, यसको जवाफ कसले दिने, के त्यो बाध्यता संविधान तथा सिद्धान्त संगत हो ?

**Daman Nath Dhungana**
**@daman_nath**



राजनेता केपी शर्मा ओलीको पालामा भलिबलमा नेपालले भारतलाई पहिलोपटक पराजित गरेको छ। धन्यवाद प्रमज्यू ! यो सरकारले खेल र खेलाडीमा राम्रो लगानी गरेको छ। खुशी शुरु भैसक्यो। हरेक क्षेत्र जाज्वल्यमान हुँदै छ।

**Manish Pyakurel**
**@manishuml**

## पेलेरै...

योसँगै पार्टीको जिम्मेवारी हेरफेरमा समेत यसैको निरन्तरता रहेको नेताहरूले टिप्पणी गरेका छन्। 'अध्यक्षले फरक विचार भएकालाई पेलेरै गुटबन्दी अन्त्य गर्ने कि समेटेर ? भन्नेमा अन्योलमा छौं, उहाँ पेलेरै अघि बढ्ने मुडमा पुग्नुभएको देखिन्छ, जसलाई राम्रो मान्न सकिँदैन, सबैलाई समेट्नुपर्छ भन्ने हाम्रो मान्यता हो' -नेताहरूको भनाइ छ।

'पार्टीलाई गुटरहित बनाउने भनेको आफ्ना वरिपरि घुम्नेहरूलाई मात्रै अवसर दिने भनेको जस्तो भएको छ', नेकपा एमाले निकट रहेका एक वाम विश्लेषकले नेपाल समाचारपत्रसँग भने- 'पार्टीमा विभिन्न विचार समूह हुन्छन्। ती विचार समूहले फरकफरक विचार निर्माण गर्छन् र पार्टी बलियो हुन्छ। तर, पछिल्लो समय एमाले पार्टीमा फरक विचार राख्नेहरू सधैं विद्रोहीजस्तो हुनुपरेको छ। नेतृत्वले नै सरकारमा पठाउँदा होस् या पार्टीको जिम्मेवारी दिने सन्दर्भमा समेत फरक विचार राख्नेलाई पाखा लगाउने नीति अपनाएको देखिन्छ। यसले नेताहरूबीच थप आशंका र द्वन्द्व हुन सक्छ।'

ओलीको अभिव्यक्ति र कार्यशैलीमा फरक रहँदै आएको पार्टीकै कतिपय नेताहरूले बताएका छन्। गत मन्त्रिपरिषद्मा सिफरिस गर्दा समावेशिताको सिद्धान्तलाई अंगीकार नगरेका प्रधानमन्त्री ओलीले आफू वरिपरि घुम्नेहरूलाई मात्रै मन्त्री बनाएर बेलाबखत असन्तुष्टि व्यक्त गर्नेहरूलाई पाखा लगाएको आरोप छ। त्यस्तै बिहीबार प्रदेश इन्चार्ज तोक्ने सन्दर्भमा पनि अध्यक्ष ओलीले पुरानै शैली अपनाएको नेताहरूले टिप्पणी गरेका छन्। तर, उनीहरूले सार्वजनिक रूपमा खुलेर बोल्न सकेका छैनन्। अध्यक्षओलीले पार्टीको निर्णयप्रति असन्तुष्टि व्यक्त गरेका नेताहरूलाई तर्साउने गरी अब गुट अस्वीकार्य नहुने चेतावनी दिएसँगै नेताहरूले बोल्नुअघि होस पुऱ्याउनुपर्ने अवस्था आएको एमालेका एक केन्द्रीय सदस्यले बताए। लोकतन्त्रको लामो अभ्यास गरेको एमालेभित्र फरक विचार राख्दैमा नेतृत्वको नजरमा सधैं विद्रोही सावित हुने भय नेताहरूमा थपिएको उनको भनाइ छ।

गत महाधिवेशनमा ओलीसँग अध्यक्ष लडेका भीम रावल पार्टीबाट निस्काशन जस्तै हुनुपरेको छ भने केही समय माधव नेपाल समूहमा लागेका १० भाइ नेताहरूले पार्टीमा कुनै महत्वपूर्ण जिम्मेवारी पाउन सकेका छैनन्। गुटविहीन एमाले बनाउने ओलीको परिकल्पना भनेकै पार्टीमा एकाधिकार कायम गर्ने जस्तो देखिएको नेताहरूको टिप्पणी छ। यसले पार्टी अनुशासनमा केही राम्रो गरेजस्तो देखिए पनि निर्वाचनमा आन्तरिक असहयोगको खतरा बढ्ने कतिपय नेताहरूले चिन्ता व्यक्त गरेका छन्।

## पदाधिकारीका...

बुँदागत छलफल गरी कुलपतिको अनुमति लिएपछि मात्र सिनेटमा पेस गर्ने प्रचलन छ।

त्यसविपरीत एकाएक नीति तथा कार्यक्रम तयार गरेर प्रस्तुत गर्न थालेपछि कुलपतिले रोक्नुभएको ती पदाधिकारीको भनाइ छ। अघिल्ला प्रधानमन्त्री एवं कुलपति पुष्पकमल दाहाल र शेरबहादुर देउवा, केपी शर्मा ओलीलगायत सबै कुलपतिको कार्यकालमा नीति तथा कार्यक्रमलाई पूर्ण अध्ययन गरेपछि मात्र सिनेटमा पेस गर्ने र बैठकले पारित गर्ने प्रचलन थियो। 'त्यसो नगरी एकाएक पारित गर्ने गरी उपकुलपतिसहितका पदाधिकारीले कुलपतिलाई पेस गरेका कारण समस्या भएको हो' -पूर्वपदाधिकारीले नेपाल समाचारपत्रसँग भन्नुभयो।

तीन पदाधिकारीले मनोमानी गर्न खोजेको कारण कुलपतिले नीति तथा कार्यक्रम केही दिनका लागि रोक्नुभएको ती पदाधिकारीको भनाइ छ। साधारणतया त्रिविसभा त्रिविको वार्षिक दिवसको अवसरमा बस्ने परम्परा छ। त्यस सभामा ग्रेस लिस्ट र बजेट पारित गर्ने गरिन्छ। हिउँदे सभामा कानुन संशोधन गर्ने र आवश्यक परेमा नयाँ कानुन निर्माण गर्ने हो।

साउन १५ मा बसेको सिनेटले ग्रेस लिस्ट पारित गर्ने एजेन्डासहित सभा बस्यो। सोही अनुसार ग्रेस लिस्ट र बजेट पनि पारित भएको छ। त्रिविसभा विश्वविद्यालयको व्यवस्थापिका हो। सबै प्रस्ताव १५ दिनअगावै सिनेट सदस्यसमक्ष पुऱ्याउनुपर्छ। त्रिविका पदाधिकारीले त्यसो नगरी प्रि-सिनेटको नाममा एक दिनअघि मात्र पेस गरेका थिए। प्रि-सिनेटमा समेत नीति तथा कार्यक्रमको विवाद भएको थियो।

'प्रि-सिनेटमा पनि सभासद्को चर्को विरोधका कारण बजेट र ग्रेस लिस्ट गरी दुई एजेन्डा मात्र सभामा लाने सहमति भएको थियो। तर, पदाधिकारीहरूले सभामा सबैलाई छलेर नीति तथा कार्यक्रम समेटेपछि प्रधानमन्त्री तथा कुलपतिले आफूसँग कुरा भएअनुसार हाललाई नीति तथा कार्यक्रम पेस गर्ने काम स्थगित गर्नुभएको हो' -स्रोतको भनाइ छ।

त्रिविका उपकुलपति प्राडा केशरजंग बरालले कुलपतिसँग छलफल भएअनुसार नीति तथा कार्यक्रम पेस गरेको दाबी गर्नुभयो। 'हामी तीनै जना पदाधिकारी कुलपतिसँग भेट गर्न बालुवाटार पुगेका थियौं, लामो समय छलफल भयो। उहाँकै निर्देशनअनुसार नीति तथा कार्यक्रम सभामा पेस गरेका हौं' -उपकुलपति प्राडा बरालको भनाइ थियो। उहाँले नीति तथा कार्यक्रमको बारेमा कुलपति ओलीलाई केही दिनअघि नै जानकारी दिएको बताउनुभयो।

'नियमअनुसार त्रिवि सिनेटको बैठक बस्नु १५ दिनअघि सिनेटका सदस्यलाई निति तथा कार्यक्रम र बजेटको कपी उपलब्ध गराउनुपर्छ। त्यसअघि कुलपति र सहकुलपतिसँग छलफल गरी नीति तथा कार्यक्रम तयार गर्नुपर्ने परम्परा छ' -त्रिविका पूर्वउपकुलपति प्राडा धर्मकान्त बास्कोटाले नेपाल समाचारपत्रसँग भन्नुभयो। उहाँले आफू उपकुलपति हुँदा तत्कालीन कुलपति शेरबहादुर देउवासँग सिनेटरलाई नीति तथा कार्यक्रमको ड्राफ्ट दिनुअघि कुलपतिसँग व्यापक छलफल गरी सिनेटमा पेस गरेको स्मरण गराउनुभयो। उहाँले भन्नुभयो- 'अहिलेका उपकुलपतिले केही कमजोरी गर्नुभएको कारण समस्या देखिएको हो।'

उच्च स्रोतका अनुसार उपकुलपतिले नीति तथा कार्यक्रममा आफूअनुकूलको विषयवस्तु पेस गरेका कारण सभामा पेस हुन नसकेको हो। उपकुलपति प्राडा बरालले त्रिविको भिजन २०३० र राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार आफूले नीति तथा कार्यक्रम तयार गरेको स्पष्ट पार्नुभयो। उहाँले त्रिवि सेवा आयोगका पूर्वअध्यक्ष लालुप्रसाद पौडेल समितिले तयार गरेको नीति तथा कार्यक्रमलाई सभामा पेस गरेको बताउनुभयो। उहाँले भन्नुभयो- 'अब कुलपतिज्यूले कहिले नीति तथा कार्यक्रम पास गर्नुहुन्छ थाहा छैन, समग्रमा बजेट पास भएपछि नीति तथा कार्यक्रममा उल्लेख भएको व्यवस्थाअनुसार बजेट परिचालन हुनेछ।'

उपकुलपति बरालले आफूलाई नीति तथा कार्यक्रम पारित नभएकोमा कुनै गुनासो नभएको जिकिर गर्नुभयो। उहाँले भन्नुभयो- 'मेरो एउटामात्र आपत्ति छ मलाई स्वागत मन्तव्यसमेत गर्न दिइएन, त्यसमा नरमाइलो लागेको छ।' उहाँले सबै प्रक्रिया पूरा गरेर नीति तथा कार्यक्रम तयार गरेको दाबी गर्नुभयो।

## निजामती...

साथै मस्यौदामा निजामती सेवालाई सक्षम, व्यावसायिक, जनमैत्री र निष्ठावान बनाउने लक्ष्य राखिएको थियो। मस्यौदाअनुसार निजामती सेवाको राष्ट्रिय नीतिका मुख्य उद्देश्यहरूमा संघीय, प्रादेशिक र स्थानीय सेवा सञ्चालनमा एकरूपता कायम गर्ने र आधारभूत मार्गदर्शन गर्ने, जनमुखी समावेशी र नतिजामूलक प्रशासनको विकास गरी सेवाग्राहीप्रति प्रतिबद्ध सार्वजनिक सेवाको विकासद्वारा सुशासनको प्रत्याभूति गर्ने लक्ष्य राखिएको थियो। यसै गरी योग्यतामा आधारित पूर्वानुमानयोग्य वृत्ति विकास र उच्च मनोबलयुक्त निजामती सेवाको विकास गर्ने उद्देश्यसमेत राखिएको थियो।

सो नीति लागू गर्न सकेको खण्डमा निजामती सेवा र अन्य सरकारी सेवाहरू स्वच्छ, निष्पक्ष र सदाचारयुक्त हुन सक्ने विश्वास गरिएको थियो।

प्रस्तावित निजामती सेवाको राष्ट्रिय नीतिमा संघीयताअनुकूलको निजामती सेवाको विकास गरिने, संघ, प्रदेश र स्थानीय तहका बीच सहकारिता सहअस्तित्व र समन्वय कायम गर्ने र निजामती सेवाको विकास गरिने, चुस्त प्रभावकारी र गुणस्तरीय सेवा प्रवाहप्रति समर्पित निजामती सेवाको निर्माण गरिने तथा नेपाली समाजको प्रतिबिम्ब देखिने र विविधिता झल्किने निजामती सेवाको विकास गरिने व्यवस्था गरिएको थियो।

प्रस्तावित नीतिमा एकीकृत निजामती सेवाको समेत व्यवस्था गर्न प्रस्ताव गरिएको थियो। यसै गरी तहगत प्रणालीको व्यवस्था, जनशक्ति व्यवस्थापन योजना, जवाफदेही पद्धतिको सुनिश्चितता, अनुमानयोग्य र पारदर्शी सरुवा तथा पदस्थापनसम्बन्धी व्यवस्था, गुनासो व्यवस्थापन, निजामती सेवामा अनुसन्धान विकासलगायतका विषयमा समेत नीतिमा महत्वका साथ व्यवस्था गरिएको थियो।

## छिमेकीको...

ज्याला मजदुरी गरेर जीवन गुजारिरहेका चन्द्रका एक छोरा र एक छोरी छन्। किरिया बसेका २६ वर्षीय छोरा मेघराज ट्याक्टर चलाउने काम गर्दा दुर्घटनामा परी खुट्टा भाँचिएकाले गाह्रो काम गर्न नसक्ने हुनुभएको छ। छोरी सानै भएकाले अब छोराछोरीको लालनपालन कसरी गर्ने भन्ने चिन्ता चन्द्रलाई छ।

ज्याला मजदुरी गरेर छाक टार्नै मुस्किल हुने चन्द्रको परिवारको बासको टुंगो छैन। छिमेकीले दुःख देखेर जग्गामा कटेरो बनाएर बस्न दिए पनि त्यो पनि अहिले भत्किसकेको छ। कटेरो भत्किएपछि बनाउने अवस्था नहुँदा चन्द्रका श्रीमान्श्रीमती कमाउनका लागि भारत पुगेका थिए। १३ दिने किरिया त्रिपालमा गरिरहँदा आकाशबाट परेको पानीले झन् चिन्ता थपिएको उहाँ बताउनुहुन्छ। छाक टार्ने खाद्यान्नसमेत नहुँदा सो परिवारले सहयोगको अपेक्षा गरेको छ।

५२ वर्षीय चन्द्रलाई सानैदेखि पालनपोषण गरेकी फुपू जलधारा सुनारले चन्द्रको परिवारलाई पालन गर्न गाह्रो हुने भएकोले मनकारी सहयोगीहरूलाई सहयोग गर्न आग्रह गर्नुभएको छ। श्रीमान्श्रीमती हुँदा दुःख गरेर कमाएर जीवन चलाए पनि श्रीमती गोमाको मृत्यु भएपछि चन्द्रलाई जीवन चलाउन कठिन भएको उहाँले बताउनुभयो। छिमेकीहरूले एक दुई छाक चामल सहयोग गरेको भन्दै उहाँले किरिया सकिएपछि सबैले सहयोग गरिदिन उहाँले आग्रह गर्नुभएको छ।



**लामो जात्राको समापन** : ललितपुरको जाउलाखेलमा रातो मच्छिन्द्रनाथको रथजात्राको अन्तिम दिन भोटो देखाएर भोटोजात्रा मनाइएको छ । वर्षा र सहकालका देवताका रूपमा मानिने रातो मच्छिन्द्रनाथको रथजात्राको अन्तिम दिन भोटो देखाउने चलन रही आएको छ । राष्ट्रपति रामचन्द्र पौडेललगायत विशिष्ट व्यक्तिहरु जात्रा अवलोकनका लागि जाउलाखेल पुग्नुभएको थियो। भोटो देखाएसँगै उपत्यकाको सबैभन्दा लामो जात्रा रातो मच्छिन्द्रनाथको रथयात्राको समापन भएको छ । तस्वीर : अनिल आङदेम्बे

## बन्दीसुधार गृहमा निःशुल्क शिविर

**काठमाडौं, (नेस)**

केन्द्रीय कारागार अस्पतालको कैदीबन्दीमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउने उद्देश्यले बन्दी सुधार गृहमा आँखा तथा दाँतको निःशुल्क शिविर गरिएको छ।

रोटरी क्लब अफ महाराजगञ्ज र केन्द्रीय कारागार अस्पताल सुन्धाराको संयुक्त आयोजनामा कारागार कार्यालयका महिला सुधार गृह, केन्द्रीय सुधार गृह र भद्र सुधार गृहमा विशेषज्ञ स्वास्थ्य शिविरअन्तर्गत आँखा स्वास्थ्य, दाँत तथा मुख स्वास्थ्यको जनचेतना, स्वस्थ राख्न सरसफाइमा दिनुपर्ने ध्यानहरू, परीक्षण, परामर्श, उपचार, चस्मा तथा आवश्यक औषधी वितरण सम्पन्न भएको छ।

साउन १२ गतेदेखि सञ्चालित उक्त शिविर कारागार कार्यालय, सुन्धारामा रहेका महिला तथा पुरुष कैदी, थुनुवा बन्दीहरूलगायत कार्यरत कर्मचारी कुल ४ हजार जनालाई लक्षित थियो। उक्त शिविरमा प्रत्यक्ष रूपमा ३० देशका १ सय ४४ विदेशीसहित २ हजार ७ सय ३३ जनाले आँखा तथा दाँत परीक्षण र परामर्श लिएका थिए। १ सय ८० जनाको दाँत सफा गरिएको थियो भने ९ सय ६५ जनालाई चस्मा वितरण गरिएको केन्द्रीय कारागार अस्पतालका प्रमुख डा. प्रकाश बुढाथोकीले बताउनुभयो।

# विपद्जन्य घटनामा परी १५३ को मृत्यु

**काठमाडौं, (नेस)**

अविरल वर्षाका कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायतका विपद्मा परी आइतबार दिउँसोसम्म १ सय ५३ जनाको मृत्यु भएको छ।

बाढी, पहिरोलगायतका विपद्मा परी काठमाडौं उपत्यकामा ३, कोशी प्रदेशमा २५, मधेसमा ६, वागमतीमा २९, गण्डकीमा ४३ जना, लुम्बिनीमा २९, कर्णालीमा ८ र सुदूरपश्चिम प्रदेशमा १० जना गरी १ सय ५३ जनाको मृत्यु भएको हो।

साथै काठमाडौं उपत्यकामा १० जना, कोशी प्रदेशमा ३७ जना, मधेस प्रदेशमा १० जना, वागमती प्रदेशमा १० जना, गण्डकी प्रदेशमा ३४ जना, लुम्बिनी प्रदेशमा ११ जना, कर्णाली प्रदेशमा ५१ जना र सुदूरपश्चिजम प्रदेशमा १४ जना गरी जम्मा १ सय ७७ जना घाइते भएका छन्।

साथै, काठमाडौं उपत्यकामा २६ जना, कोशी प्रदेशमा ४९ जना, वागमती प्रदेशमा १२ जना, गण्डकी प्रदेशमा १४ जना, कर्णाली प्रदेशमा २ जना र सुदूरपश्चिजम प्रदेशमा ५ जना गरी जम्मा १ सय ८ जनाको उद्धार गरिएको प्रहरीले जानकारी दिएको छ।

बाढीपहिरोमा परी कोशी प्रदेशमा २ जना, वागमती प्रदेशमा ४२ जना, गण्डकी प्रदेशमा १ जना, कर्णाली प्रदेशमा १ जना र सुदूरपश्चिपम प्रदेशमा १ जना गरी ४७ जना बेपत्ता भएका छन्। बेपत्ताको खोजी कार्य जारी छ।

बाढीका कारण जम्मा ३ सय ८४ घर डुबानमा परेका छन्। २ सय ६१ वटा घर, ९५ वटा गोठ, ४३ वटा पुल, २ वटा विद्यालय र २ वटा सरकारी कार्यालयमा क्षति पुगेको छ। ७ सय ४३ वटा पशु चौपायाको मृत्यु भएको छ। उक्त अवधिमा विपद्का घटनाबाट ४ हजार २ सय ३८ घर परिवार विस्थापित भएका छन्।

**धितो लिलाम प्रक्रियाको मिति परिवर्तन सम्बन्धी सूचना**

यस फ्रेण्ड्स बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट मिति २०८१ असार २१ गते नेपाल समाचार पत्र राष्ट्रिय दैनिक पत्रिकामा यस संस्थाका ऋणी कर्ण तामाङ्गको धितो लिलाम प्रक्रियाको मिति परिवर्तन सम्बन्धि सूचना प्रकाशन गरेकोमा विशेष कारणले उक्त धितो लिलाम प्रक्रिया हाललाई स्थगित गरी मिति २०८१ भाद्र १६ गते लिलाम गर्ने गरी लिलामको मिति सारिएकोले सम्बन्धित सबैमा यस सूचना मार्फत सूचित गरिन्छ ।

**फ्रेण्ड्स सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड**
गोदावरी नगरपालिका वडा नं.-१२, ठेचो, ललितपुर
फोन नं.: ५५७१७४०, ५५७०००१

**चितवन भण्डारा ६ स्थायी ठेगाना भएका प्रेम बहादुर विश्वकर्माको नाउँमा ३५ दिने सूचना**

**का.म.पा. वडा नं १२ गोफ मार्ग स्थित श्री श्रेष्ठ परिवार गोफ लगन कुलदेवता संस्थाको टहरामा भाडा गरी बस्ने तपाई प्रेम बहादुर विश्वकर्माले मिति २०७८ आश्विन १ गते देखिको बहाल रकम समेत नबुझाई सम्पर्क विहिन हुनु भएको र हाल सम्म कुनै खबर सूचना समेत नगर्नु भएको हुँदा सो टहरा खुलाई पाउँ भनी १२ वडा कार्यालयमा निवेदन प्राप्त भएकोले यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३५दिन भित्रमा कोठा खाली गरी वडा कार्यालयमा जानकारी गराउनु होला। अन्यथा नियमानुसार कोठा खाली गराइने ब्यहोरा अनुरोध छ।**

**का.म.पा. वडा नं १२**

Gandaki Provincial Government
Ministry of Physical Infrastructure Development and Transport Management
Infrastructure Development Directorate
**Urban Development and Building Office**
Kaski

**Invitation for Bid**

**Date of publication: 2081-04-21 (5th August, 2024)**

1. Urban Development and Building Office, Kaski invites **online bids only** under e-procurement system from eligible bidders for the construction of **Projects mentioned below** under National Competitive Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's **Website www.bolpatra.gov.np/egp** or may obtain at office. All eligible bidders are requested to submit only E-Bid as per instructions within the mentioned period.

| S. N | Name of Project | Contract ID | Cost of Bid Document (NRs) | Bid Security (NRs) | Last Date of Bid Submission | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Gandaki Province Assembly Building, Nadipur, Pokhara, Gandaki Province | UDBO/KASKI/NCB/W/GPA/01/081/82 | 20,000.00 | 9,500,000.00 | 2081-05-20 (5th September, 2024) 12:00 PM | Single Stage Double Envelope |

2. **Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank : Rastriya Banijya Bank Ltd.
Name of Office : Urban Development and Building Office, Kaski, Gandaki Province
Office Code no. : 3370439014
Office Account no (Rajaswa). : 1000100200010000
Rajaswa (revenue) Shirshak no. : 14229
3. Employer reserves right to accept or reject bid(s) without any reason whatsoever.

**कनकाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जामुनबारी, झापा**
**कोशी प्रदेश, नेपाल**

**विज्ञापन एजेन्सी छनोटको लागि विद्युतीय शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

सूचना प्रकाशित मितिः २०८१/०४/२१

१. कनकाई नगरपालिका मार्फत आ.व. २०८१।८२ मा प्रकाशन हुने सूचना प्रकाशनको लागि बिज्ञापन एजेन्सी छनोट तथा सेवा खरिद कार्यको लागि प्रचलित सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली अनुसार सम्पूर्ण दरभाउपत्रदाताहरुको जानकारीको लागि विद्युतीय शिलबन्दी दरभाउपत्र (Electronic Sealed Quotaion) आह्वान गरिन्छ।

**२.खरिद सम्बन्धी विवरणहरुः-**

| क्र. स. | सम्झौता संकेत नं.: | शिलबन्दी दरभाउ पत्रको विवरण | शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति तथा समय | शिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति तथा समय | शिलबन्दी दरभाउपत्र मान्य हुने अवधी | दरभाउपत्र जमानत रकम (बैंक जमानत वा धरौटी खातामा नगद जम्मा) | दरभाउपत्र जमानतको मान्य हुने न्यूनतम अवधी |
|---|---|---|---|---|---|---|---|
| १ | KANAKAI/SQ/S/2081/82-01 | विज्ञापन एजेन्सी छनोट | २०८१।०५।०३ साँझ ५;०० बजे सम्म | २०८१।०५।०४ मध्यान्ह १२:०० बजे | दरभाउपत्र खोल्ने दिनबाट ४५ दिन | रु. ५०,०००।- | ७५ दिन |

३. शिलबन्दी दरभाउपत्र पेश गर्न इच्छुक दरभाउपत्रदाताहरुले थप जानकारी लिन वा शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात हेर्न नगरपालिकाको वेभसाईट www.kanakaimun.gov.np मा हेर्न वा कार्यालयमा सम्पर्क गर्न सकिनेछ वा विद्युतीय खरिद प्रणाली (www.bolpatra.gov.np/egp) बाट प्राप्त गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# रोमाञ्चक खेलमा नेपाल पराजित

**नेपाल समाचारपत्र, काठमाडौं**




नेपालले जारी सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) महिला नेशन्स लिगमा पहिलो हार बेहोरेको छ। आइतबार भएको खेलमा नेपाल इरानसँगको रोमाञ्चक खेलमा ३-२ सेटले पराजित भएको हो। नेपाल सो खेलमा १६-२५, २५-१६, २३-२५, २५-१५, १३-१५ ले हारेको थियो।

२-२ सेट बराबरी पछि पाँचौं सेटमा कडा प्रतिस्पर्धा भएको थियो। ५-५ को अंक बराबरी भएपछि इरानले लगातार अंक जोड्दै गएको थियो। तर, नेपालले पछि अंक जोड्दै ११-१० मा पुऱ्याएर खेल जित्ने संभावनामा थियो। तर, यो सेट १५-१३ ले इरानले जितेपछि नेपालले पहिलो हार बेहोरेको थियो।

श्रीलंका र भारतलाई हराएको नेपालको ६ अंक छ भने इरानको चार खेलबाट ७ अंक रहेको छ। इरान भारतसँग हारेको थियो भने त्यसपछि श्रीलंका र माल्दिभ्सलाई हराएको थियो। माल्दिभ्स बाहिरि इसकेको हुँदा सेमिफाइनलमा नेपाल, इरान, श्रीलंका र भारत पुगिसकेका छन्।

# सेन्ट लुसियाकी अल्फ्रेदले इतिहास रचिन्




**पेरिस, (एजेन्सी)**

जुलियन अल्फ्रेदले पेरिस ओलम्पिक्सअन्तर्गत महिला १०० मिटरको दौड जितेकी छन्। उनले योसँगैं सेन्ट लुसियालाई पहिलो ओलम्पिक पदक दिलाएर इतिहास समेत रचिन्। २३ वर्षीया अल्फ्रेदले १०.७२ सेकेण्डको राष्ट्रिय कीर्तिमान पनि राखेकी थिइन्।

तर, अमेरिकन वर्ल्ड च्याम्पियन शाकारी रिचार्डसन भने रजतमै सीमित भइन्। उनले सो दुरी १०.८७ सेकेण्डमा पुरा गरेकी थिइन्। अमेरिकाकै मेलिसा जेफरसनले १०.९२ सेकेण्डसहित कांस्य पदक जितिन्।



सर्बियाका नोभाक जोकोभिचले करिअरमा गोल्डेन स्लाम पुरा गरेका छन्। उनले कार्लोस अलकारजलाई हराएर गत विम्बल्डन फाइनलमा हारेको बदला लिँदै गोल्डेन स्लाम पुरा गरेका हुन्। उनले फाइनलमा स्पेनी खेलाडी अलकारजलाई ७-६, ७-६ ले हराएका थिए। जोकोभिचको टेनिस करिअरमा ओलम्पिक स्वर्ण पहिलो पटक जितेका हुन्। यसअघि उनले २००८ को बेइजिङ ओलम्पिकमा कांस्य पदक जितेका थिए।

यस्तै, झेन्ग किनवेनले क्रोएसियाकी डोन्ना भेकिकलाई ६-२, ६-३ ले हराएर ओलम्पिकमा स्वर्ण पदक जितिन्। महिला सिंगल्सतर्फ २१ वर्षीया चाइनिज खेलाडीले वर्ल्ड नम्बर २१ लाई पराजित गरेकी हुन्। भेकिकले रजत र वर्ल्ड नम्बर एक इगा स्वियाटेकले कांस्य जितेका थिए। पोल्यान्डकी इगालाई झेन्गले सेमिफाइनलमा हराएकी थिइन्।

## लेदेक्कीको नवौं स्वर्ण

अमेरिकन सुपरस्टार केटी लेदेक्कीले महिला ओलम्पियनद्वारा सर्वाधिक स्वर्ण जित्ने कीर्तिमानसँग बराबरी गरेकी छन्। लेदेक्कीले पेरिस ओलम्पिकमा पौडीको महिलातर्फ ८०० मिटर फ्रिस्टाइलमा स्वर्ण जितेसँगैं कीर्तिमानमा पुगेकी हुन्। उनले सो दुरी ८ मिनेट ११.०४ सेकेण्डमा पुरा गरेकी थिइन्।

योसँगैं उनले करिअरकै नवौं ओलम्पिक स्वर्ण जितिन् भने पेरिसमा २ स्वर्णसहित चार पदक जितेकी छन्। उनी समग्रमा १४ पदकसहित पूर्व सोभियत जिम्नास्ट लारिसा लातीनीनासँग बराबरीमा पुगेकी हुन्। ओलम्पिकमा अमेरिकाका महान पौडीबाज माइकल फेल्प्सले सर्वाधिक २८ पदक जितेका छन्। जसमा २३ स्वर्ण पदक छन्।

## लेदेक्कीको ओलम्पिक पदक

| | |
|---|---|
| लण्डन २०१२ (१) | स्वर्ण ८०० मिटर फ्रिस्टाइल |
| रियो २०१६(५) | स्वर्ण २००, ४०० र ८०० मिटर फ्रिस्टाइल /२०० मिटर फ्रिस्टाइल रिले |
| | रजत १०० मिटर फ्रिस्टाइल रिले |
| टोकियो २०२० (४) | स्वर्ण ८०० र १५०० फ्रिस्टाइल |
| | रजत ४०० मिटर फ्रिस्टाइल र २०० मिटर फ्रिस्टाइल रिले |
| पेरिस २०२४ (४) | स्वर्ण ८०० र १५०० मिटर फ्रिस्टाइल |
| | रजत २०० मिटर फ्रिस्टाइल रिले |
| | कांस्य ४०० मिटर फ्रिस्टाइल |



## PARIS OLYMPICS 2024

MEDAL TALLY (Till 10 PM)



| Sn. No. | NOCs | Golds | Silvers | Bronzes | Totals |
|---|---|---|---|---|---|
| 1 | China | 18 | 15 | 10 | 43 |
| 2 | America | 16 | 25 | 25 | 66 |
| 3 | France | 12 | 14 | 16 | 42 |
| 4 | Australia | 12 | 9 | 7 | 28 |
| 5 | Great Britain | 10 | 12 | 15 | 37 |
| 6 | South Korea | 10 | 7 | 7 | 24 |
| 7 | Japan | 8 | 5 | 10 | 23 |
| 8 | Italy | 6 | 8 | 5 | 19 |
| 9 | Netherlands | 6 | 5 | 4 | 15 |
| 10 | Germany | 5 | 5 | 2 | 12 |
| 11 | Canada | 4 | 4 | 8 | 16 |
| 12 | Romania | 3 | 3 | 1 | 7 |
| 13 | Hungary | 3 | 2 | 2 | 7 |
| 14 | Ireland | 3 | 0 | 2 | 5 |
| 15 | New Zealand | 2 | 4 | 1 | 7 |
| 16 | Sweden | 2 | 3 | 2 | 7 |
| 17 | Croatia | 2 | 1 | 1 | 4 |
| 18 | Belgium | 2 | 0 | 3 | 5 |
| 19 | Hongkong | 2 | 0 | 2 | 4 |
| 20 | Azerbaijan | 2 | 0 | 0 | 2 |

# सन् १८९६ को एथेन्सदेखि २०२० टोकियो ओलम्पिक सम्मको पदक तालिका



**कविरस शर्मा**

ग्रीसको एथेन्समा आयोजना गरिएको सन १९०६ को ओलम्पिक पदकलाई अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले आधिकारिक रूपमा मान्यता नदिएपछि उक्त संस्करणको पदकलाई कहिकतै समावेश गरिएको देखिंदैन। किनभने उक्त संस्करणका खेलहरू तेस्रो र चौथो ओलम्पियाडको बीचमा आयोजना गरिएका थिए। त्यतिमात्र होइन, स्विजरल्याण्डको लुसानेमा रहेको ओलम्पिक संग्रहालयमा समेत सन् १९०६ को ओलम्पिकमा वितरण गरिएका पदकलाई संग्रह गरिएको छैन। यस पदक तालिकामा सन १९०६ मा आयोजित ओलम्पिकबाहेक सन १८९६ देखि २०२० सम्मका समर ओलम्पिकमा स्वर्ण, रजत र कांस्य पदक जित्ने देशहरुलाई वर्णमाला अनुसार सूचीकृत गरिएको छ।

| क्र.सं. | देश (समर ओलम्पिकका पदक विजेता) | गोल्ड | सिल्भर | ब्रोन्ज | कुल पदक |
|---|---|---|---|---|---|
| 1 | Afghanisatan (A“G) | 0 | 0 | 2 | 2 |
| 2 | Algeria (ARM) | 5 | 4 | 8 | 17 |
| 3 | Argentina (ARG) | 21 | 26 | 30 | 77 |
| 4 | Armenia (ARM) | 2 | 8 | 8 | 18 |
| 5 | Australasia (ANZ) | 3 | 4 | 5 | 12 |
| 6 | Australia (AUS) | 164 | 173 | 210 | 547 |
| 7 | Austria (AUT) | 20 | 35 | 41 | 96 |
| 8 | Azerbaijan (AZE) | 7 | 14 | 28 | 49 |
| 9 | Bahamas (BAH) | 8 | 2 | 6 | 16 |
| 10 | Baharain (BRN) | 2 | 2 | 0 | 4 |
| 11 | Barbados (BAR) | 0 | 0 | 1 | 1 |
| 12 | Belarus (BLR) | 13 | 30 | 42 | 85 |
| 13 | Belgium (BEL) | 44 | 56 | 57 | 157 |
| 14 | Bermuda (BER) | 1 | 0 | 1 | 2 |
| 15 | Bohemia (BOH) | 0 | 1 | 3 | 4 |
| 16 | Botswana (BOT) | 0 | 1 | 1 | 2 |
| 17 | Brazil (BRA) | 37 | 42 | 71 | 150 |
| 18 | British West Indies (BWI) | 0 | 0 | 2 | 2 |
| 19 | Bulgaria (BUL) | 54 | 88 | 82 | 224 |
| 20 | Burkina “aso (BUR) | 0 | 0 | 1 | 1 |
| 21 | Burundi (BDI) | 1 | 1 | 0 | 2 |
| 22 | Cameroon (CMR) | 3 | 1 | 2 | 6 |
| 23 | Canada (CAN) | 71 | 110 | 145 | 326 |
| 24 | Chile (CHI) | 2 | 7 | 4 | 13 |
| 25 | China (CHN) | 263 | 199 | 174 | 636 |
| 26 | Colombia (COL) | 5 | 13 | 16 | 34 |
| 27 | Costa Rica (CRC) | 1 | 1 | 2 | 4 |
| 28 | Ivory Coast (CIV) | 1 | 1 | 2 | 4 |
| 29 | Croatia (CRO) | 14 | 13 | 14 | 41 |
| 30 | Cuba (CUB) | 84 | 69 | 82 | 235 |
| 31 | Cyprus (CYP) | 0 | 1 | 0 | 1 |
| 32 | Czech Republic (CZE) | 19 | 22 | 26 | 67 |
| 33 | Czechoslovakia (TCH) | 49 | 49 | 45 | 143 |
| 34 | Denmark (DEN) | 48 | 78 | 79 | 205 |
| 35 | Djibouti (DJI) | 0 | 0 | 1 | 1 |
| 36 | Dominican Republic (DOM) | 3 | 5 | 4 | 12 |
| 37 | Ecuador (ECU) | 3 | 2 | 0 | 5 |
| 38 | Egypt (EGY) | 8 | 11 | 19 | 38 |
| 39 | Eritrea (ERI) | 0 | 0 | 1 | 1 |
| 40 | Estonia (EST) | 10 | 9 | 17 | 36 |
| 41 | Ethiopia (ETH) | 23 | 12 | 23 | 58 |
| 42 | “iji (“IJ) | 2 | 0 | 1 | 3 |
| 43 | “inland (“IN) | 101 | 85 | 119 | 305 |
| 44 | “rance (“RA) | 223 | 251 | 277 | 751 |
| 45 | Gabon (GAB) | 0 | 1 | 0 | 1 |
| 46 | Georgia (GEO) | 10 | 12 | 18 | 40 |
| 47 | Germany (GER) | 201 | 207 | 247 | 655 |
| 48 | United Team of Germany (EUA) | 28 | 54 | 36 | 118 |
| 49 | East Germany (GDR) | 153 | 129 | 127 | 409 |
| 50 | West Germany (“RG) | 56 | 67 | 81 | 204 |
| 51 | Ghana (GHA) | 0 | 1 | 4 | 5 |
| 52 | Great Britain (GBR) | 284 | 318 | 314 | 916 |
| 53 | Greece (GRE) | 35 | 45 | 41 | 121 |
| 54 | Grenada (GRN) | 1 | 1 | 1 | 3 |
| 55 | Guatemala (GUA) | 0 | 1 | 0 | 1 |
| 56 | Guyana (GUY) | 0 | 0 | 1 | 1 |
| 57 | Haiti (HAI) | 0 | 1 | 1 | 2 |
| 58 | Hong Kong (HKG) | 2 | 3 | 4 | 9 |
| 59 | Hungary (HUN) | 181 | 154 | 176 | 511 |
| 60 | Iceland (ISL) | 0 | 2 | 2 | 4 |
| 61 | India (IND) | 10 | 9 | 16 | 35 |
| 62 | Indonesia (INA) | 8 | 14 | 15 | 37 |
| 63 | Iran (IRI) | 24 | 23 | 29 | 76 |
| 64 | Iraq (IRQ) | 0 | 0 | 1 | 1 |
| 65 | Ireland (IRL) | 11 | 10 | 14 | 35 |
| 66 | Israel (ISR) | 3 | 1 | 9 | 13 |
| 67 | Italy (ITA) | 217 | 188 | 213 | 618 |
| 68 | Jamaica (JAM) | 26 | 36 | 26 | 88 |
| 69 | Japan (JPN) | 169 | 150 | 178 | 497 |
| 70 | Jordan (JOR) | 1 | 1 | 1 | 3 |
| 71 | Kazakhstan (KAZ) | 14 | 22 | 35 | 71 |
| 72 | Kenya (KEN) | 35 | 42 | 36 | 113 |
| 73 | Kosovo (KOS) | 3 | 0 | 0 | 3 |
| 74 | North Korea (PRK) | 16 | 16 | 23 | 55 |
| 75 | South Korea (KOR) | 96 | 91 | 101 | 288 |
| 76 | Kuwait (KUW) | 0 | 0 | 3 | 3 |
| 77 | Krygyzstan (KGZ) | 0 | 3 | 4 | 7 |
| 78 | Latvia (LAT) | 4 | 11 | 6 | 21 |
| 79 | Lebanon (LBN) | 0 | 2 | 2 | 4 |
| 80 | Liechtenstein (LIE) | 0 | 0 | 0 | 0 |
| 81 | Lithuania (LTU) | 6 | 7 | 13 | 26 |
| 82 | Luxembourg (LUX) | 2 | 1 | 0 | 3 |
| 83 | Malaysia (MAS) | 0 | 8 | 5 | 13 |
| 84 | Mauritius (MRI) | 0 | 0 | 1 | 1 |
| 85 | Mexico (MEX) | 13 | 24 | 36 | 73 |
| 86 | Moldova (MDA) | 0 | 2 | 4 | 6 |
| 87 | Mongolia (MGL) | 2 | 11 | 17 | 30 |
| 88 | Montenegro (MNE) | 0 | 1 | 0 | 1 |
| 89 | Morocco (MAR) | 7 | 5 | 12 | 24 |
| 90 | Mozambique (MOZ) | 1 | 0 | 1 | 2 |
| 91 | Namibia (NAM) | 0 | 5 | 0 | 5 |
| 92 | Netherlands (NED) | 95 | 105 | 122 | 322 |
| 93 | Netherlands Antilles (AHO) | 0 | 1 | 0 | 1 |
| 94 | New Zealand (NZL) | 53 | 33 | 51 | 137 |
| 95 | Niger (NIG) | 0 | 1 | 1 | 2 |
| 96 | Nigeria (NGR) | 3 | 11 | 13 | 27 |
| 97 | North Macedonia (MKD) | 0 | 1 | 1 | 2 |
| 98 | Norway (NOR) | 61 | 52 | 50 | 163 |
| 99 | Pakistan (PAK) | 3 | 3 | 4 | 10 |
| 100 | Panama (PAN) | 1 | 0 | 2 | 3 |
| 101 | Paraguay (PAR) | 0 | 1 | 0 | 1 |
| 102 | Peru (PER) | 1 | 3 | 0 | 4 |
| 103 | Philippines (PHI) | 1 | 5 | 8 | 14 |
| 104 | Poland (POL) | 72 | 89 | 137 | 298 |
| 105 | Portugal (POR) | 5 | 9 | 14 | 28 |
| 106 | Puerto Rico (PUR) | 2 | 2 | 6 | 10 |
| 107 | Qatar (QAT) | 2 | 2 | 4 | 8 |
| 108 | Romania (ROU) | 90 | 97 | 121 | 308 |
| 109 | Russia (RUS) | 147 | 126 | 150 | 423 |
| 110 | Russian Empire (RU1) | 1 | 4 | 3 | 8 |
| 111 | Soviet Union (URS) | 395 | 319 | 296 | 1010 |
| 112 | Unified Team (EUN) | 45 | 38 | 29 | 112 |
| 113 | Olympic Athletes from Russia (OAR) | 0 | 0 | 0 | 0 |
| 114 | ROC (ROC) | 20 | 28 | 23 | 71 |
| 115 | San Marino (SMR) | 0 | 1 | 2 | 3 |
| 116 | Saudi Arabia (KSA) | 0 | 2 | 2 | 4 |
| 117 | Samao (SAM) | 0 | 1 | 0 | 1 |
| 118 | Senegal (SEN) | 0 | 1 | 0 | 1 |
| 119 | Serbia (SRB) | 6 | 7 | 11 | 24 |
| 120 | Serbia and Montenegro (SCG) | 2 | 4 | 3 | 9 |
| 121 | Singapore (SGP) | 1 | 2 | 2 | 5 |
| 122 | Slovakia (SVK) | 10 | 14 | 8 | 32 |
| 123 | Slovenia (SLO) | 8 | 9 | 11 | 28 |
| 124 | South Africa (RSA) | 27 | 33 | 29 | 89 |
| 125 | Spain (ESP) | 48 | 72 | 49 | 169 |
| 126 | Sri Lanka (SRI) | 0 | 2 | 0 | 2 |
| 127 | Sudan (SUD) | 0 | 1 | 0 | 1 |
| 128 | Suriname (SUR) | 1 | 0 | 1 | 2 |
| 129 | Sweden (SWE) | 147 | 177 | 179 | 503 |
| 130 | Switzerland (SUI) | 53 | 79 | 74 | 206 |
| 131 | Syria (SYR) | 1 | 1 | 2 | 4 |
| 132 | Chinese Taipei (TPE) | 7 | 11 | 18 | 36 |
| 133 | Tajikistan (TJK) | 1 | 1 | 2 | 4 |
| 134 | Tanzania (TAN) | 0 | 2 | 0 | 2 |
| 135 | Thailand (THA) | 10 | 8 | 17 | 35 |
| 136 | Togo (TOG) | 0 | 0 | 1 | 1 |
| 137 | Tonga (TGA) | 0 | 1 | 0 | 1 |
| 138 | Trinidad and Tobago (TTO) | 3 | 5 | 11 | 19 |
| 139 | Tunisia (TUN) | 5 | 3 | 7 | 15 |
| 140 | Turkey (TUR) | 41 | 26 | 36 | 103 |
| 141 | Turkmenistan (TKM) | 0 | 1 | 0 | 1 |
| 142 | Uganda (UGA) | 4 | 4 | 3 | 11 |
| 143 | Ukraine (UKR) | 35 | 36 | 68 | 139 |
| 144 | United Arab Emirates (UAE) | 1 | 0 | 1 | 2 |
| 145 | United States of America (USA) | 1061 | 830 | 738 | 2629 |
| 146 | Uruguay (URU) | 2 | 2 | 6 | 10 |
| 147 | Uzbekistan (UZB) | 10 | 6 | 20 | 36 |
| 148 | Venezuela (VEN) | 3 | 7 | 9 | 19 |
| 149 | Vietnam (VIE) | 1 | 3 | 1 | 5 |
| 150 | Virgin Island (ISV) | 0 | 1 | 0 | 1 |
| 151 | Yogoslavia (YUG) | 26 | 29 | 28 | 83 |
| 152 | Zambia (ZAM) | 0 | 1 | 1 | 2 |
| 153 | Zimbabwe (ZIM) | 3 | 4 | 1 | 8 |
| 154 | Independent Olympic Athletes (IOA) | 1 | 0 | 1 | 2 |
| 155 | Independent Olympic Participants (IOP) | 0 | 1 | 2 | 3 |
| 156 | Mixed Team (ZZX) | 11 | 6 | 8 | 25 |

# दैनिक ८ हजार लिटर अवैध दूध भारतबाट भित्रिन्छ

नेपाल समाचारपत्र, बाँके

दैनिकरूपमा ठूलो मात्रामा भारतबाट दूध भित्रिँदा आफूहरू मारमा परेको दुग्ध व्यवसायीले गुनासो गरेका छन्। सरकारले भारतबाट दूध तथा दुग्धजन्यपदार्थ ल्याउन प्रतिबन्ध लगाए पनि सीमा नाकाबाट ठूलो मात्रामा दूध भित्रिरहेको किसान तथा व्यवसायीको भनाइ छ। भारतबाट बाँकेमा ८ हजार लिटर दूध भित्रिरहेको व्यवसायीको आँकलन रहेको छ।

जिल्ला दुग्ध व्यवसायी संघका अनुसार, बाँकेमा २४ हजार लिटर दूध उत्पादन हुन्छ। बर्दिया जिल्लाबाट ७ हजार लिटर दूध आउँछ। जिल्लाबाट सात हजार लिटर अन्यत्र जिल्लामा जान्छ। बाँकेमा दैनिक २२ हजार लिटर दूध खपत हुन्छ।

बाँकेमा पालिका अनुसार हेर्दा बैजनाथ गाउँपालिकामा तीन हजार लिटर, नरैनापुर गाउँपालिकामा तीन हजार लिटर, राप्तीसोनारी गाउँपालिकामा दुई हजार पाँच सय लिटर, खजुरामा तीन हजार पाँच सय लिटर, कोहलपुरमा दुई हजार पाँच सय लिटर, नेपालगन्ज उपमहानगरपालिकामा एक हजार पाँच सय लिटर, जानकी गाउँपालिकामा तीन हजार लिटर, डुडुवा गाउँपालिक ामा पाँच हजार लिटर दूध उत्पादन हुने गर्दछ।

खुल्ला नाकाको फाइदा उठाउँदै भारतीयले नेपालगन्जसम्म दूध ल्याउने गरेका छन्। नाकामा रहेको सुरक्षा निकाय, भन्सार, क्वारेन्टाइनले बेवास्ता गर्दा भारतीय दूध कतिपय डेरी, मिठाई पसल, चिया पसलदेखि घरघरमा पुगिरहेको छन्। भारतबाट आउने दूध यहाँ उत्पादन भएको दूधभन्दा सस्तो पर्दछ। भारतबाट आउने दूध गुणस्तरीय भने हुँदैन। सस्तोको नाममा भारतीय दूध उपभोग गरेको पाइन्छ।

बाँके दुग्ध व्यवसायी संघका कार्यवाहक सचिव चेतनारायण शर्माले सरकारले प्रतिबन्ध लगाएको भारतीय दूध भित्रिँदा आफूहरू मारमा परेको बताउनुभयो। भगवती दुग्ध सहकारीका सञ्चालकसमेत रहेका शर्माले बाँकेमा यहीका किसानले उत्पादन गरेको दूधले पुग्ने जानकारी दिनुभयो। भारतीयले ल्याएको दूध नाकामा सशस्त्र प्रहरीले रोकेमात्रै मिठाइ पसलहरू आफूकहाँ दूध किन्न आउने शर्माको भनाइ छ।

बाँकेमा डीडीसीबाहेक भगवती, सिर्जना, जनता, शुद्ध गोरस, वनकटवा सहकारी, यादव दूध संकलनकेन्द्र कम्दी, भट्टराई डेरी, बर्दिया बाँसगढीले दूधको कारोबार गर्छन्।

सशस्त्र प्रहरीले कहिलेकाही रोके पनि अरूले बेवास्ता गरिरहेको व्यवसायीको भनाइ छ। सशस्त्र प्रहरीका एसपी बिमल डाँगीका अनुसार, शुक्रबारयता नेपालगन्ज नाकाबाट साढे सात सय लिटर र खडैचा नाकाबाट साढे चार सय लिटर दूध नियन्त्रणमा लिएर नष्ट गरिएको छ। बाँकेको ६५ किलोमिटर सीमा भारतसँग जोडिए पनि हिँड्डुल गर्ने नाका धेरै छैनन्।

## कर्पोरेट समाचार

### सिमेन्ट उत्पादक संघमा मारु



काठमाडौं, (नेस)

नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्षमा शिवम् सिमेन्टका प्रबन्ध निर्देशक रघु नन्दन मारु निर्वाचित हुनुभएको छ। संघको २०औं वार्षिक साधारणसभाले आगामी ३ वर्षका लागि मारुलाई अध्यक्षमा चयन गरेको हो।

नेपाल सिमेन्टमा आत्मानिर्भर हुँदै गर्दा सिमेन्ट उद्योगसँग सम्बन्धित दीर्घकालीन तथा अल्पकालीन समस्याको समाधान, स्थायित्व गुणस्तरीय उत्पादन, बजार व्यवस्थापनजस्ता कुराका लागि निजी क्षेत्रबाट सिमेन्ट उत्पादक संघ र सरकारबीच सहकार्य गरी अघि बढ्ने तथा सम्पूर्ण सिमेन्ट उद्योगीलाई साथमा लिई यस क्षेत्रमा देखा परेका चुनढुंगा उत्खनन्, वन, विद्युत्, बैंकिङ तथा स्थानीय समस्यालगयत चुनौतीलाई सम्बन्धित निकायसँग समन्वय गर्दै अघि बढ्ने अध्यक्ष मारुले बताउनुभयो। नयाँ कार्यसमितिको अध्यक्षमा रघु नन्दन मारु, निवर्तमान अध्यक्ष ध्रुव थापा, उपाध्यक्ष तारा पोखरेल तथा विकास दुगड, महासचिव राजाराम खड्का तथा कोषाध्यक्षमा अरुण कर्ण रहनुभएको छ।

### सिटिजन्स बैंकको आम्दानी घट्यो

काठमाडौं, (नेस)

आर्थिक वर्ष २०८०/८१ मा सिटिजन्स बैंक इन्टरनेसनलको खुद ब्याज आम्दानी २ दशमलव ४४ प्रतिशतले घटेको छ। उक्त अवधिमा बैंकले ५ अर्ब ६८ करोड ६१ लाख रुपियाँमा खुद ब्याज आम्दानी गरेको छ।

आम्दानी घट्दा बैंकको खुद नाफ पनि २७.९७ प्रतिशतले घटेर १ अर्ब ३४ करोड २४ लाख रुपियाँमा सीमित भएको छ। अघिल्लो आवमा बैंकले १ अर्ब ८६ करोड ३७ लाख रुपियाँ खुद नाफा गरेको थियो।

उक्त अवधिमा बैंकको निक्षेप १२.०७ प्रतिशतले बढेर १ खर्ब ८९ अर्ब २१ करोड ६७ लाख रुपियाँ पुगेको छ भने कर्जा लगानी रकम पनि ९.६५ प्रतिशतले बढेर १ खर्ब ५३ अर्ब ३२ करोड ९१ लाख रुपियाँ पुगेको छ। १४ अर्ब २० करोड ९ लाख ७४ हजार रुपियाँ चुक्ता पुँजी रहेको सिटिजन्स बैंकको वार्षिक प्रतिसेयर आम्दानी ९ रुपियाँ ४५ पैसा रहेको छ। बैंकको जगेडा कोषमा ६ अर्ब ७४ करोड ८ लाख ३८ हजार रुपियाँ सञ्चित छ। बैंकको वितरणयोय मुनाफा ६१ करोड ६१ लाख ६३ हजार कायम भएको छ। अघिल्ला आवमा ८४ करोड ६९ लाख ८९ हजार रुपियाँ थियो।

### आइएमई लाइफ इन्स्योरेन्स एक्सलेन्स अवार्ड सम्पन्न



काठमाडौं, (नेस)

आइएमई लाइफ इन्स्योरेन्स कम्पनीको बिजनेस एक्सलेन्स अवार्ड सम्पन्न भएको छ। उक्त कार्यक्रममा कम्पनीका एजेन्सी म्यानेजर तथा अभिकर्तालाई सम्मानित गरिएको थियो। कार्यक्रममा आइएमई लाइफ इन्स्योरेन्सका प्रमुख प्रवर्द्धक तथा आइएमई ग्रुपका प्रबन्ध निर्देशक हेमराज ढकाल, कम्पनीका प्रमुख कार्यकारी अधिकृत कवि फुयाल, कम्पनीका नायब प्रमुख कार्यकारी अधिकृत दिनेश अमात्य, कम्पनीका चिफ मार्केटिङ अफिसर गणेश चौलागाईंलगायतको उपस्थिति रहेको थियो।

# महसुल विवादपछि प्राधिकरणका सञ्चालक फेरिए

नेपाल समाचारपत्र, काठमाडौं

डेडिकेटर फिडर र ट्रक लाइनबाट बिजुली उपयोग गरेका उद्योगबाट थप महसुल असुल गर्ने नगर्ने विवाद चलिरहेकाबेला नेपाल विद्युत् प्राधिकरणको सञ्चालक समितिमा दुईजना सदस्य फेरिएका छन्। ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्रीको मन्त्रिस्तरीय निर्णयअनुसार सञ्चालक समिति सदस्य भक्तबहादुर पुन र कपिल आचार्यलाई हटाएर देवेन्द्र कार्की र महेन्द्रबहादुर गुरुङलाई सञ्चालक सदस्य बनाइएको हो।

६ दर्जन उद्योगबाट करिब ८ अर्ब रुपियाँ महसुल उठाउने कि मिनाह गर्ने भन्ने विवाद चलिरहेको छ। प्राधिकरणले महसुल नतिर्ने उद्योगको लाइन काटेपछि विवाद बढेको हो। अहिले प्रतिनिधिसभा सार्वजनिक लेखा समितिले छानबिन गरिरहेको छ।

नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा ९ को उपदफा (३) को खण्ड (च) बमोजिम विद्युत् क्षेत्रमा विशेषज्ञता हासिल गरेका गैरसरकारी व्यक्तिबाट कार्की र विद्युत् उपभोक्तामध्येबाट गुरुङलाई आगामी चार वर्षका लागि सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको मन्त्रालयले जनाएको छ। कार्की ऊर्जा मन्त्रालयका पूर्वसचिव हुन् भने गुरुङ विद्युत् विकास विभागका पूर्वमहानिर्देशक हुन्। राजनीतिकरूपमा कार्की नेपाली कांग्रेस र गुरुङ एमालेनिकट मानिन्छन्।

अब प्राधिकरणको सञ्चालक समितिमा ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री दीपक खड्का अध्यक्ष, तथा सदस्यमा कार्की र गुरुङबाहेक ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव गोपाल सिग्देल, अर्थ मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरे, भरतराज आचार्य र रतनबहादुर ऐर रहेका छन्। यसअघि पुन र आचार्यले ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले साउन १५ गते स्पष्टीकरण सोधिएको थियो। सो स्पष्टीकरणको जवाफ साउन १८ गते मन्त्रालयमा बुझाएका थिए। तर, चित्तबुझ्दो जवाफ नआएको भन्दै उनीहरूलाई साउन २० गते आइतबारदेखि लागू हुनेगरी हटाइएको हो। पुन माआवादीनिकट हुन भने आचार्य एकीकृत समाजवादीनिकट हुन्। नवनियुक्त दुवै सदस्यले आइतबार नै सपथ लिएका छन्।

## अरुणमा भारतले एक खर्ब लगानी गर्ने

काठमाडौं, (नेस)

अरुण तेस्रो र तल्लो अरुण जलविद्युत् आयोजनाका लागि भारतले करिब एक खर्ब रुपियाँ लगानी स्वीकृत गरेको छ। भारतीय कम्पनी एसजेभीएन लिमिटेडले नेपालमा निर्माण गरिरहेको ९०० मेगावाटको अरुण तेस्रो र ६६९ मेगावाट क्षमताको तल्लो अरुणका लागि भारत सरकारले ९२ अर्ब ६७ करोड २० लाख रुपियाँ लगानी स्वीकृत गरेको हो। एसजेभिएन भारत सरकारको स्वामित्व रहेको कम्पनी हो।

# सिमेन्ट उद्योगका पूर्वकर्मचारी पुन:आन्दोलनमा

नेपाल समाचारपत्र, उदयपुर

उदयपुर सिमेन्ट उद्योगबाट अवकास प्राप्त कर्मचारी उपादानवापतको रकम भुक्तानी नपाएको भन्दै पुन:आन्दोलनमा उत्रिएका छन्। एक महिनाअघि पनि सेवा सुविधाको माग गर्दै तीन वर्ष अघिदेखि अवकास पाएका ६४ जना सेवा निवृत्त कर्मचारीले आन्दोलन गरेका थिए। उद्योग व्यवस्थापनले उपलब्ध गराउने आश्वासन दिएको भए पनि हालसम्म नियमानुसार पाउनुपर्ने सेवा सुविधा नपाएका कारण चरणवद्धरूपमा आन्दोलनमा जाने तयारी भएको उद्योगका वरिष्ठ अधिकृत पदबाट अनिवार्य अवकास पाएका कुबेरकान्त काफ्ले बताउनुभयो।

उद्योगका निमित्त महाप्रबन्धक महेश साह केही दिनदेखि राजधानीस्थित सम्पर्क कार्यालय र उद्योग मन्त्रालयमा धाउने गरे पनि नियमानुसार पाउने उपादान निकासाका लागि पहल नगरेको अर्का अवकास प्राप्त कर्मचारी कमल राईले बताउनुभयो।

हाल उद्योगको संचालक समितिको अध्यक्ष र महाप्रबन्धक रिक्त छ भने उद्योग मन्त्रालयले अध्यक्ष र महाप्रबन्धकको विज्ञापन प्रकाशित गतअसारमै गरेको थियो।

सेवानिवृत कर्मचारीले एक संघर्ष समिति गठन गरेको संघर्षका कार्यक्रम संचालन गरिको संघर्ष समितिका संयोजक जगरनाथ चौधरीद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

# तीन वर्षमा साढे तीन करोडको हुन्डी रकम बरामद

कृष्णउदास खनाल, वीरगन्ज

प्रहरीले गतजेठ २२ गते वीरगन्जबाट ५ लाख ९० हजार रुपियाँ स्रोत नखुलेका रकमसहित एकजना भारतीय नागरिकलाई नियन्त्रणमा लियो। प्रहरीले शंकाष्पद अवस्थामा हिँडिरहेकाबेला विहार रक्सौल निवासी बब्लु रौनियारलाई वीरगन्जको प्रतिमा चोकबाट नियन्त्रणमा लिएको हो। यसअघि गतवैशाख २४ गते पनि पर्सा प्रहरीले स्रोत नखुलेको ठूलो परिणामको रकमसहित पर्सा जिल्ला जगरनाथपुर गाउँपालिकाका रविकुमार पटेललाई पनि वीरगन्जबाटै नियन्त्रणमा लिएको थियो।

विशेष सूचनाका आधारमा पक्राउ परेका उनको साथबाट १३ लाख १५ हजार फेला परेको थियो। बरामद रकमको स्रोत खुल्न नसकेपछि प्रहरीले उनलाई नियन्त्रणमा लिएर थप अनुसन्धान प्रक्रिया अगाडि चलायो। स्रोत नखुलेको रकमसहित पक्राउ परेका यी दुईजना पछिल्ला उदाहरणमात्रै हुन्। पर्सा जिल्लामा प्रहरीले दिनहुँजसो यस्तो रकम बरामद गर्ने गरेको छ। प्रहरीको तीनवर्षे तथ्यांकमा स्रोत नखुलेको रकमसहित पक्राउ पर्नेहरूको संख्या झन्डै ५ दर्जनको हाराहारीमा छ। यो अवधिमा प्रहरीले ५५ जना हुन्डी कारोबारीलाई पक्राउ गरेको छ। आर्थिक वर्ष ०७८/०७९ देखि ०८०/०८१ सम्ममा प्रहरीले जिल्लाका विभिन्न स्थानबाट ५५ जना हुन्डी कारोबारीलाई पक्राउ गरेको तथ्यांक सार्वजनिक गरेको छ।

प्रहरीका अनुसार ०७८/०७९ मा २२ जना, ०७९/०८० मा २२ जना र ०८०/०८१ मा ११ जना गरी ३ वर्षमा ५५ जना हुण्डी कारोबारीलाई पक्राउ गरेको छ। यसरी पक्राउ परेकाहरूमध्ये केहीमाथि भने मुद्दासमेत दर्ता गरी आवश्यक अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक प्रवक्ता दीपक भारतीले बताउनुभयो। उहाँका अनुसार ३८ जनामाथि भने वित्तीय कारोबार ऐन (हुन्डी) शीर्षकमा मुद्दा दर्ता गरी आवश्यक कारबाही चलाइएको छ। मुद्दा दर्ता भएकामध्ये सबैभन्दा बढी आर्थिक वर्ष ०७९/०८० मा रहेका छन्। यो वर्ष १७ जना उपर मुद्दा दर्ता चलेको छ। त्यसपछि ०७८/०७९ मा १४ जना र ०८०/०८१ मा भने जम्मा ७ जनामाथि मुद्दा दायर गरिएको प्रवक्ता भारतीले जनाउनुभयो।

सो अवधिमा प्रहरीले हुन्डीमार्फत ल्याइएको चार करोड २० लाख ४ हजार ६२० नेपाली रुपियाँ बरामद गरेको विवरण छ। आर्थिक वर्ष ०७८/०७९ मा १ करोड ६५ लाख १३ हजार ६२०, ०७९/०८० मा एक करोड ९३ लाख ६६ हजार ३०० र ०८०/०८१ मा ६१ लाख २४ हजार ७०० नेपाली रुपियाँ बरामद भएको प्रहरी आँकडा छ। बितेको वर्ष ०८०/०८१ मा ९ हजार ८०० भारतीय रुपियाँसमेत बरामद भएको प्रहरी विवरणमा उल्लेख छ।

# सोलारलाई ग्रिडमा जोड्नुको विकल्प छैन

नेपाल समाचारपत्र, काठमाडौं

घरेलु सौर्य ऊर्जा प्रणालीको बजार घट्दै गए पनि नेपालमा समग्र सौर्य ऊर्जा प्रणालीको बजार भने ठूलो परिणाममा अझै बाँकी रहेको सरोकारवालाको भनाइ छ। नेपाल सौर्य विद्युत् उत्पादक संघ (सिमेन)को २४औं वार्षिकोत्सवको अवसरमा आइतबार आयोजित कार्यक्रमका वक्ताले सो सम्भावनालाई औंल्याएका हुन्।

अध्ययनअनुसार नेपालमा सौर्य प्रविधिबाट वार्षिक ५० हजार टेरावाट विद्युत् उत्पादन गर्न सकिने सम्भाव्यता रहेकोमा हाल १० हजार गिगावाट आवरमात्रै उत्पादन भइरहेको छ। त्यस्तै, नेपाल विद्युत् प्राधिकरणले सौर्य ऊर्जा खरिद गर्ने नीतिलाई समेत अगाडि बढाएको हुँदा बजार पनि रहेको कार्यक्रममा जानकारी दिइयो। प्राधिकरणले चालू आर्थिक वर्षमा करिब ९ सय मेगावाट विद्युत् सौर्य ऊर्जाबाट खरिद गर्न बोलपत्र आह्वानसमेत गरिसकेको छ।

कार्यक्रममा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले विगतमा घरेलु सौर्य ऊर्जाको क्षेत्रमा काम गरिरहेका व्यवसायीले अब ग्रिड कनेक्टेड सोलार सिस्टममा आफूलाई रुपान्तरण गर्नुपर्ने सुझाव दिनुभयो। देश पूर्ण विद्युतीकरणतर्फ गइसकेकाले मागमा आधारित पद्धति नभएको हुँदा व्यवसायीले आफूलाई स्तोन्नति गर्नुपर्ने बताउनुभयो। अब करिब ६२ हजार घरधुरीमा मात्रै विद्युतीय ऊर्जा पुर्‍याउन बाँकी रहेकाले सोलार होम सिस्टमको बजार छैन। तर, समग्र सौर्य ऊर्जाको बजार भने बाँकी रहेको उहाँको भनाइ छ। सरकारको १५ हजार विद्युत् उत्पादन गर्ने लक्ष्यमध्ये नवीकरणीय ऊर्जाको स्रोतलाई करिब १५ सय मेगावाट छुट्टाइएको छ। त्यसको अधिकांश हिस्सा सौर्य ऊर्जामा पर्छ। तसर्थ सौर्य ऊर्जाको बजार विस्तार गर्न सम्भव रहेको बताउनुभयो।




छिमेकी देशले रुफटप सोलार प्रणालीमा लिएका महत्वाकांक्षी लक्ष्यको फाइदा नेपालले लिनुपर्ने भन्दै विश्व बजारमा सौर्य ऊर्जाका प्रविधिको मूल्य घटिरहेकाले पनि बजारमा प्रतिस्पर्धा गर्न सहज रहेको उहाँको भनाइ छ। हाल राष्ट्रिय सभाको विधायन समितिमा छलफलका क्रममा रहेको नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित भई ऐनका रूपमा आएपछि नेपालमा नवीकरणीय ऊर्जाले नयाँ बाटो समात्ने जानकारीसमेत दिनुभयो।

कार्यक्रममा केन्द्रका नायब कार्यकारी निर्देशक डा. नारायणप्रसाद अधिकारीले सौर्य ऊर्जामा सम्भावना अथाह रहेको हुँदा सौर्य ऊर्जा उत्पादकहरूले आफ्नो क्षमता सुदृढीकरण गर्नुपर्ने सुझाव दिनुभयो।

त्यस्तै, केन्द्रका उपनिर्देशक डा. लक्ष्मण घिमिरेले गतआर्थिक वर्षमा सौर्य ऊर्जाका क्षेत्रमा राखिएका कार्यक्रममा ९८ प्रतिशत लक्ष्य पूरा भएको उल्लेख गर्दै चालू आर्थिक वर्षमा पनि केन्द्रले सौर्य मिनी ग्रिड, सौर्य सिँचाइलगायत क्षेत्रमा प्राथमिकताका साथ कार्यक्रम तर्जुमा गरेको जानकारी दिनुभयो।

सिमेनका अध्यक्ष कृष्णप्रसाद पराजुलीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा संस्थाका संरक्षक रामबहादुर भण्डारीले सौर्य ऊर्जाको उत्पादन लागत सस्तो भएकाले औद्योगिक क्षेत्रको ऊर्जा आपूर्तिमा सौर्य ऊर्जा प्रयोग गर्न बजारीकरण गर्नेतर्फ व्यवसायी संलग्न हुनुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा नेपाल नवीकरणीय ऊर्जा परिसंघका अध्यक्ष कुशल गुरुङ, संघ पूर्वअध्यक्षहरू हिराबहादुर केसी, प्रकाशविक्रम बस्नेत, इन्द्र खनाललगायतले शुभकामना मन्तव्य दिनुभएको थियो। संघमा हाल १३४ कम्पनी सदस्य रहेका छन्। संघअन्तर्गत रहेका कम्पनीले अहिलेसम्म १० लाख घरधुरीमा सौर्य ऊर्जा पुर्‍याएका छन् भने ६ मेगावाटको रुपटप सौर्य मिनी ग्रिडसहित कुल ४६ मेगावाट क्षमताका सौर्य ऊर्जाका प्रणाली जडान भएका छन्। वार्षिकोत्सवको अवसरमा सौर्य ऊर्जाका क्षेत्रमा क्रियाशील इन्जिनियरलाई पीभी सिस्टमको डिजाइन र सफ्टवेयर प्रयोगसम्बन्धी प्रशिक्षणसमेत दिइएको थियो।

GENZ | नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३
सोमबार, साउन २१, २०८१ । Monday, August 5, 2024

## अर्को ओलम्पिकमा खेल्ने सपना बोकेकी

# टेबल टेनिस खेलाडी इभाना थापा

■ कविरस शर्मा

गत मे महिनाको १३ देखि १५ सम्म नेपालमा भएको साउथ एसिया रिजनल ओलम्पिक क्वालिफिकेसनको सेमिफाइनलसम्म पुगेकी टेबल टेनिस खेलाडी इभाना थापाले सन् २०२८ मा हुने ओलम्पिक खेलमा भाग लिने उद्देश्य लिएकी छिन्।

सेमिफाइनल पुग्ने क्रममा उनले श्रीलंकाकी नम्बर वान खेलाडी इशारा माधुरंगी र बंगलादेशी खेलाडीलाई हराएकी थिइन्। तर, श्रीलंकाकी जुनियर खेलाडीसँग पराजित भएका कारण उनी प्रतियोगिताबाट बाहिरिनुपर्‍यो।

नौ वर्षको उमेरमा चार कक्षामा पढ्दादेखि नै टेबल टेनिस खेलेकी उनले सन् २०१९ पछि मात्र टुर्नामेन्टमा भाग लिन थालेकी हुन्। सानैमा टेबल टेनिस प्रशिक्षक पुरुषोत्तम बज्राचार्यको प्रशिक्षण र टेबल टेनिसकी चर्चित नेपाली खेलाडी सिक्का श्रेष्ठको साथले एकैपटक अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न सक्षम बनेकी उनी १३ वर्षको उमेरमा नै अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेर सम्भवतः नेपालकै कम उमेरकी पहिलो अन्तर्राष्ट्रिय टेबल टेनिस खेलाडी बनिन्। उनले नवौं बृहत् राष्ट्रिय खेलकुदमा टिम इभेन्ट्सतर्फ पनि सिल्भर मेडल जितेकी थिइन्।

**परिवारबाट सहयोग कस्तो छ ?**
शुरूमा ममी इन्दु आलेले पढाइमा नै ध्यान दिनुपर्छ भन्नुहुन्थ्यो। तर, टेबल टेनिसप्रति मेरो रुचि देखेर सिक्का दिदी र कोच पुरुषोत्तम बज्राचार्यले ममीलाई कन्भिन्स गराउनुभयो र हजुरआमाले पनि साथ दिनुभयो। राम्रो रिजल्ट आउन थालेपछि परिवारबाट पनि हौसला मिलेको छ।

**स्कुलबाट कस्तो सहयोग पाइएको छ ?**
राम्रो प्रदर्शन गरेको देखेर स्कुलले पनि मलाई आठ कक्षादेखि स्कलरसिप दिँदै आएको छ।

**दिनको कति घन्टा ट्रेनिङ गर्नुहुन्छ ?**
फरक-फरक समय गरी दिनको ६ घन्टा।

**पढाइ र खेल्ने टाइम म्यानेज गर्न गाह्रो पर्दैन र ?**
गाह्रो छ, तर खेलले गर्दा क्लास छुटेकाबेला एक्स्ट्रा क्लास राखेर भए पनि प्रिन्सिपलले सपोर्ट गर्नुहुन्छ।

**अन्तर्राष्ट्रिय स्कुल टुर्नामेन्ट खेल्नुभएको छ ?**
५-६ वर्षअघि गुजरातमा भएको एसियन स्कुल गेम्स्मा खेलेको थिएँ, खासै राम्रो रिजल्ट आएन।

**टेबल टेनिसको च्यालेन्जिङ कुरा के लाग्छ ?**
अनुभव र इन्टरनेसनल एक्सपोजरको कमी।

**टेबल टेनिसको मनपर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी को हुन् ?**
राष्ट्रियमा सिक्का श्रेष्ठ र अन्तर्राष्ट्रियमा जापानकी मिमा इटो।

**विदेश र नेपालमा खेल्दा के फरक छ ?**
विदेशको खेलस्थलमा लाइट, सफा सुग्घरदेखि सबै कुरा चित्तबुझ्दो हुन्छ। तर, नेशनल टिमको ट्रेनिङमा केही न केही कमी महसुस हुन्छ।

**डिजिटल डिभाइसले खेलमा कतिको सपोर्ट मिलेको छ ?**
धैरै सपोर्ट भएको छ। आफ्नो प्रतिद्वन्द्वीको भिडियो हेरेर आफूलाई तयार गरेको छु।

**भविष्यको योजना ?**
खेलेर देशका लागि केही गर्छु। सन् २०२८ मा हुने ओलम्पिक खेल्ने उद्देश्य लिएकी छु।

**अरू कुन खेल मनपर्छ ?**
स्विमिङ।

**सबैभन्दा मनपर्ने खेलाडी को हो ?**
क्रिस्टियानो रोनाल्डो हो। स्किल, ब्यालेन्स र यो उमेरमा पनि फिटनेस मेन्टेन गरी राम्रो प्रदर्शन गरेको देख्दा प्रेरणा मिल्छ।

**सबैभन्दा मनपर्ने स्पोर्ट्स ब्रान्ड कुन हो ?**
तिभार ब्रान्ड। म तिभार ब्रान्डको एम्बेस्डर भएको दुई वर्ष भयो। जर्मन कोच पाभेल रेहोरेकले सहयोग गर्नुभएको छ।



**इभाना थापा (१६ वर्ष)**
कक्षा १२, आदर्श विद्यामन्दिर (एभीएम)
हाइयर सेकेन्डरी स्कुल, ललितपुर

**खेल्ने टिम :**
एभीएम टेबल टेनिस क्लब

### सिनियर्सतर्फको एसियन च्याम्पियनसिपमा सहभागिता

सन् २०२१ कतार
सन् २०२३ दक्षिण कोरिया (राउन्ड अफ ३२ सम्म पुग्न सफल)
सन् २०२३ चीन
सन् २०२२ नेपाल (वर्ल्ड च्याम्पियनसिप क्वालिफायर्स)

### जुनियर्सतर्फ मेडल

सन् २०२२ साउथ एसियन टेबल टेनिस च्याम्पियनसिपअन्तर्गत माल्दिभ्समा सिल्भर।
सन् २०२३ मा भारतमा ब्रोन्ज।
सन् २०२४ मा श्रीलंकामा अन्डर-१९ गर्ल्स प्रतिस्पर्धाको डबल्समा सिल्भर।

## नयाँ खेलमा युवाको आकर्षण

# ओलम्पिक्समा स्केटबोर्डिङ, ३×३ बास्केटबल र स्पोर्ट क्लाइम्बिङ



■ फिरोज राजोपाध्याय

हरेक फिल्डमा जस्तै ओलम्पिक्समा पनि परिवर्तन आएको छ। तीन वर्षअघि टोकियो ओलम्पिक २०२० बाट शुरु भएको स्केटबोर्डिङ, स्पोर्ट क्लाइम्बिङ र ३×३ बास्केटबलले हाल जारी पेरिस ओलम्पिकमा पनि स्थान पाएको छ। यसले युवा पुस्ताको ध्यानाकार्षित गरेको छ।

इन्टरनेसनल ओलम्पिक कमिटी (आईओसी) का प्रवक्ता मार्क एडाम्सका अनुसार स्केटबोर्डिङ, स्पोर्ट क्लाइम्बिङ र ३×३ बास्केटबलले युवाहरूलाई निकै आकर्षित गरेको छ। यस पटक पेरिसमा ब्रेक डान्सिङ पहिलो पटक ओलम्पिकको हिस्सा बनेको छ।

ओलम्पिकमा पराम्परागत खेलहरू मात्रै राखिंदा ओलम्पिक जेन एक्स भइरहेको देखिएको भन्दै एडाम्सले अहिले नयाँ खेलहरू राखेपछि भने यसले युवा फ्यानहरूको संख्या बढाउन सहयोग पुग्ने बताए। परम्परागत प्रोगामहरूले गर्दा जेन जी भ्युअर्सलाई टेलिभिजनले गुमाएको र टेलिभिजनले भन्दा टिकटक र यूट्युबले जेनजी भ्युअर्स बढाइरहेको टिप्पणी गर्दै उनले भने–'हामीले योंगरहरूलाई एट्राक्ट गरेका छौं। यदि हामीले यस्तो गरेनौं भने हामी सिद्धिनेछौं। जेमा पनि चेन्ज आउनुपर्छ। जेन एक्समै फोकस हुनु भनेको योंग अडियन्सलाई भगाउनु हो।'

आईओसी र ओलम्पिक अर्गनाइजर्सले ले पेरिस ओलम्पिकको अन्त्यमा नयाँ खेलले कस्तो प्रगति गरेको छ? यसका जेन्जी अडियन्स संख्यामा कति बृद्धि भएको छ भनेर हेर्ने र यसका लागि टीभी रेटिङ, टिकट सेल्स र डिजिटल तथा सोसल मिडियालाई आधार बनाइने बताएको छ।

पेरिस ओलम्पिकमा स्केटबोर्डिङमा धेरै अडियन्स देखिएको अर्गनाइजर्सले दावी गरेका छन्।

आइतबार ला कन्कोर्ड स्टेडियम ब्राजिलका खेलाडीले खेल्दा ब्राजिलियन फ्यानले भरिएको थियो। हजारौं ब्राजिलको राष्ट्रिय झण्डा फर्फराइरहेको थियो। ब्राजिली फ्यानहरू 'रायसा रायसा रायसा' भनेर कराइरहेका थिए।

यस्तै, ३×३ बास्केटबलमा फ्रेन्च मेन्स र वोमेन्स टिमले खेलिरहँदा प्लेस डि ला कन्कोर्डमा फ्यानहरू कराइरहेको आवाज स्टेडियमभन्दा टाढा टाढा सुनिरहेको थियो।

खेल भइरहेको एरियामा बालबालिकाहरू ब्रेकडान्स गरिरहेका थिए भने उनीहरूका अभिभावकहरू ह्विस्की पिउँदै टाढाबाट हेरिरहेका थिए।

### ६ वर्षअघि चर्चा थिएन

स्केटबोर्डिङ स्पोर्टको ६ वर्षअघिसम्म खासै चर्चामा थिएन। यसलाई ओलम्पिकमा राख्नु हुँदैन भनेर आईओसीले समेत भनेको थियो। यसलाई खेल नै नमान्ने आईओसी अहिले यही जिल्ल परेको छ। अहिले पेरिसमा स्केटबोर्डिङ स्पोर्टमा देखिएको भीडले आईओसीलाई झक्झकाएको छ। आईओसीले लस एन्जेलसमा सन् २०२८ मा हुने ओलम्पिकका लागि जेनजीलाई फोकस गर्ने योजना समेत बनाइरहेको बताइएको छ।



## आजको राशिफल

• ज्यो. काश्यप

**मेष**
समय अनुकूल छैन। पेटको समस्या, विवाद, थकान, आलस्यताको सम्भावना छ।

**वृष**
दिन बलियो हुनाले पराक्रम, पैसा प्राप्ति, पढाइमा सफलता, व्यापारिक लाभ होला।

**मिथुन**
सानै प्रयासमा धनलाभ होला। साथै सुख-शान्ति, काममा सफलता हुने देखिन्छ।

**कर्कट**
दिन बलवान् छ। मीठो भोजन, उपहारादि वस्तु प्राप्ति, कार्य सफल हुने देखिन्छ।

**सिंह**
दिन अनुकूल छैन। धनको नोक्सानी, साथीभाइसँग विवाद, चोटपटकको सम्भावना छ।

**कन्या**
खुशी रहनुस्। विविध लाभ, उत्तम भोजन, पारिवारिक सुख, प्रसन्नता हुने देखिन्छ।

**तुला**
समय बलवान् छ। गरेको र आँटेको काम सफल, स्वस्थता, सुखको अनुभूति होला।

**वृश्चिक**
दिन उत्तम छ। कूटनीतिक सफलता, प्रतिष्ठा वृद्धि, पढाइमा सफलता हुने देखिन्छ।

**धनु**
सजगता अपनाउनुहोला। रोगव्याधिको सम्भावना, आर्थिक भार, मानसिक कष्ट हुन सक्छ।

**मकर**
मान-सम्मान, धन लाभ, अधुरा कार्य पूरा, प्रेमप्रसंगमा सफलता हुने सम्भावना छ।


**कुम्भ**
समय उत्तम छ। पैसा लाभ, खेलकुद, परीक्षा आदिमा सफलता मिल्ने देखिन्छ।

**मीन**
दिन शुभ भएकाले गरेका काम सफल, रोगव्याधिबाट छुटकारा, व्यापारबाट लाभ होला।

**Book Insights:**

## Embracing Optimism: The Power of Positive Thinking

■ Norman Vincent Peale




Norman Vincent Peale's "The Power of Positive Thinking," published in 1952, is a groundbreaking self-help book that has inspired millions. Peale, a minister and author, emphasizes the power of faith and optimism in achieving success. This global bestseller has sold over 5 million copies and been translated into more than 15 languages.

The book's core message is that a positive attitude and self-belief can overcome obstacles and lead to a fulfilling life. Peale argues that through affirmations, visualizations, and faith, individuals can harness positive thinking to improve their lives.

**Some Insights**

- Believe in Yourself
- A Peaceful Mind Generates Power
- How to Have Constant Energy
- Try Prayer Power
- How to Create Your Own Happiness
- Stop Fuming and Fretting
- Expect the Best and Get It
- I Don't Believe in Defeat
- How to Break the Worry Habit
- Power to Solve Personal Problems
- How to Use Faith in Healing
- When Vitality Sags, Try This Health Formula
- Inflow of New Thoughts Can Remake You
- Relax for Easy Power
- How to Get People to Like You
- Prescription for Heartache
- How to Draw upon That Higher Power

**Conclusion:** "The Power of Positive Thinking" remains a timeless guide to harnessing a positive mindset. Peale's practical advice and inspiring stories demonstrate that faith, self-belief, and a positive attitude can lead to a fulfilling and successful life. A must-read for anyone seeking to improve their mental and emotional well-being and achieve personal and professional success.

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित । कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं । पोबनं २०४५ । फोनः ५३६११७९ । फ्याक्सः ४३१८९९०। Email: nepalsamacharpatra@gmail.com । प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ । सम्पादकः सागर पण्डित